# वार्षिक प्रतिवेदन

## २४ औं

### वार्षिक साधारण सभा

२०७९ मंसिर १६ देखि २४ गतेसम्म

**अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि.**

**रामपुर, पाल्पा**


फोनं. नं. ०७५-४०१०३०, ४०१०३१

Web: andhakarmukti.com

डि.स.का. दर्ता नं.०९१/०५६/०५७ नेफस्कून दर्ता नं.९३६

NEFSCUN

# अन्धकारमुक्ति
## बचत तथा ऋण सहकारी संस्था लि.
## Andhakarmukti Saving & Credit Co-operative Ltd.

केन्द्रिय कार्यालय : रामपुर, पाल्पा : ०७५-४०१०३०, ४०१०३१
Head Office : Rampur, Palpa, Phone, 075-401030/401031

च.नं .१०१ /०७९-०८० मिति-२०७९/०७/२१

सम्पुर्ण शेयर सदस्य ज्यूहरु

**विषयः- २४ औ वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

उपर्युक्त सम्बन्धमा यस संस्थाको संचालक समितिको बैठकको निर्णय अनुसार निम्न तालिकामा उल्लेखित मिति, समय र स्थानमा तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल, राय, सल्लाह, सुझाव संकलन तथा निर्णय प्रमाणित गर्न यस संस्थाको **२४ औं बार्षिक साधारण सभा** हुने भएकाले आफु सदस्य रहेको सेवा केन्द्र वा आफुलाई पायक पर्ने तोकिएको समय र स्थानमा सम्पुर्ण शेयर सदस्यहरु उपस्थित भई दिनुहुन अनुरोध छ ।

**साधारण सभामा छलफल हुने बिषयहरु**

१. आ.व. ०७८/०७९ सालको लेखापरीक्षण प्रतिवेदन,
२. आ.व. ०७९/०८० सालको लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,
३. आ.व. ०७९/०८० सालको प्रस्तावित कार्ययोजना सम्वन्धमा,
४. शेयर लाभाशंकोष, संरक्षित पुँजीफिर्ताकोष वितरण उपर छलफल तथा निर्धारण सम्बन्धमा,
५. संचालक समितिद्धारा गरिएको निर्णय र कार्यान्वयन सम्वन्धमा,
६. विनियम संसोधन सम्वन्धमा,
७. आगामि वर्षको नयाँ कार्यक्रम संचालन गर्न संचालक समितिमा अधिकार प्रत्यायोजन सम्बन्धमा,
८. साधारण सभाको निर्णयहरुमा प्रमाणित गर्ने सम्वन्धमा ।

**साधारण सभाको कार्यक्रम तालिका :**

| सेवाकेन्द्र वा भौगोलिक क्षेत्र | कार्यक्रम हुने स्थान | मिति | समय |
|---|---|---|---|
| २४ औं बार्षिक साधारण सभाको शुभारम्भ | संस्थाको सभाहल | २०७९ मंसिर १६ गते | ११:३० बजे |
| ताहुँ सेवाकेन्द्रमा आवद्ध सदस्यहरुका लागि | रम्भा मा.वि.को खेल मैदान | २०७९ मंसिर १७ गते | ११:३० बजे |
| जव्गादीं सेवाकेन्द्रमा आवद्ध सदस्यहरुका लागि | भानुभक्त मा.वि.को प्राङ्गण | २०७९ मंसिर १७ गते | ११:३० बजे |
| रामटार सेवाकेन्द्रमा आवद्ध सदस्यहरुका लागि | कालीगण्डकी दर्शनको सभाहल | २०७९ मंसिर १९ गते | ११:३० बजे |
| निस्दी गाउँपालिका भित्रका सदस्यहरुका लागि | जनता मा.वि. ढुङ्गानाबेशी गल्धा | २०७९ मंसिर १९ गते | ११:३० बजे |
| रामपुर नगरपालिका भित्रका सदस्यहरुका | दरैठाँटी मा.वि.को हल बिजयपुर | २०७९ मंसिर २० गते | ११:३० बजे |
| सहयोगीसेवाकेन्द्रमा आवद्ध सदस्यहरुका लागि | रेशम सभाहल कान्जी हाउस | २०७९ मंसिर २१ गते | ११:३० बजे |
| निर्णय प्रमाणित सहितको साधारण सभा सेवाकेन्द्र स्तरिय साधारण सभाबाट छनौट भई आउने सदस्यहरु मात्र सहभागी हुने | न्यू श्रीनगर होटलको सभाहल | २०७९ मंसिर २४ गते | ११:३० बजे |

सम्पुर्ण सदस्यहरुले आफुलाई पायक पर्ने सेवाकेन्द्र स्तरिय साधारण सभामा सहभागी भई आ-आण्फ्नो आफ्नो राय सल्लाह, सुभाव दिन सक्नुहुने व्यवस्था गरिएको छ भने मंसिर २४ गते सम्पन्न हुने निर्णय प्रमाणित सहितको साधारण सभामा संचालक समिति, लेखा समिति, बिभिन्न उपसमितिमा रहनु भएका सदस्यहरु, सल्लाहकार, निर्णय प्रमाणित गर्ने सदस्यहरु र तोकिएका कर्मचारीहरु मात्र उपस्थित हुने कार्यक्रम रहेको व्यहोरा जानकारी गराईन्छ ।

सचिव
ओमप्रकाश बस्याल

ताहुँ सेवा केन्द्र : ९८५७०६८९२९
जव्गादी सेवा केन्द्र : ०७५-६९००६८, ९८५७०७१८६८
रामटार सेवा केन्द्र : ०७५-६९२३१०, ९८५७०६९८६८
सहयोगी सेवा केन्द्र : ०७५-४००१०२
Email: andhakarmukti5@gmail.com

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४
एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि

# नेफस्कून

## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आवद्धता



श्री अध्यक्षज्यू
अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि.
रामपुर, पाल्पा ।

## शुभकामना

यस संघमा आबद्ध **अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि.**को २४औं बार्षिक साधारणसभा र सो अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको २४औं बार्षिक साधारणसभाबाट कोभिड-१९ ले सदस्य र समुदायमा पारेको प्रभाव सम्बोधनका लागि व्यवसाय पुनरुत्थानसहित सदस्यको आर्थिक जीवन सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामनासहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "सबल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु । जय सहकारी !!

मिति: २०७९/०८/०६

परितोष पौड्याल
अध्यक्ष

## भाग-१ संस्थाको संक्षिप्त परिचय

### क.) संस्थाको स्थापनाको पृष्ठभुमि तथा परिचय :-

### १. परिचयः- (Introduction)

नेपालको लुम्विनी प्रदेश अन्तरर्गत पाल्पा जिल्लाको सदरमुकाम तानसेन देखी करीब ६५ कि.मि. पूर्व पवित्र कालीगण्डकीको काखमा अवस्थित रामपुर नगरपालिकाको वडा नं. ७ मा केन्द्रिय कार्यालय रहेको यस अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्था लि. वि.स. २०५५ साल पौष महिनामा यस क्षेत्रमा बसोवास गर्ने बुद्धिजीवी, समाजसेवी, कृषक, व्यापारी आदि पेशा व्यवसायमा संलग्न २८ जना व्यक्तिहरुबाट स्थापना भई वि.स. २०५६ साल पौष महिनामा नै तत्कालिन डिभिजन सहकारी कार्यालय पाल्पामा दर्ता गरिएको संस्था हो । शुरुमा दिनको ५० पैसाका दरले एक महिनाको रु १५/- मासिक रुपमा वचत गरौ भन्ने उद्देश्य लिई स्थापना भएको संस्था स्थापना काल देखी हाल सम्म २३ वर्ष बिताई सकेको छ । तत्कालीन अवस्थामा देशको राजनैतिक परिस्थितिले केन्द्र देखी गाउँसम्म अस्तव्यस्त थियो । ग्रामिण स्तरमा रहेका बैंङ्क तथा वित्तिय संस्थाहरु केन्द्रीकृत हुँदै गईरहेको अवस्था थियो । त्यस अवस्थामा गाउँमा देखा परेको वित्तिय खाँचोलाई परिपुर्ति गर्दै विपन्न समुदायका मानिसहरुलाई व्यवसायिक बनाउने सोच राखी स्थापना गरीएको संस्था हो ।

संस्थाले सेवा दिने क्रममा सहकारीको माध्यमबाट विपन्न वेसाहारा ग्रामिण महिला दिदि बहिनीहरुलाई सहकारीको मर्म अनुरुप सदस्यता प्रदान गरी सेवा दिने कार्यक्रम अनुसार लघुवित्त कार्यक्रम संचालन गर्दै आईराखेको छ । त्यसै गरी वेरोजगार युवाहरुलाई सहुलियत ब्याजदरमा कर्जा प्रवाह गर्नका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट ऋण सहयोग र रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रममा सूचिकृत भई वेरोजगार युवाहरुलाई सुलभ ब्याजदरमा कर्जा प्रवाह गरिरहेको छ । हाल यस सहकारी संस्थाको कायक्षेत्र विस्तार गरी पाल्पा जिल्ला भित्र बासेवास गर्ने **१००६१** जना सदस्यहरु रहेका छन् । यस संस्थाको कार्यक्षेत्र भित्रका करीब ६५०० घर परिवारले प्रत्यक्ष अप्रत्यक्ष रुपमा सेवा लिईरहका छन् । संस्थाले हाल केन्द्रीय कार्यलय रामपुर-७, सहित रामपुर नगरपालिकाको जब्गादी बजार, रामटार बजार र सहयोगी साकोससँगको एकीकरण पश्चात बेभ्फाड बजारमा रहेको सहयोगी सेवाकेन्द्र र रम्भा गाउँपालिकाको ताहुँ बजारबाट सदस्यहरुलाई प्रत्यक्ष सेवा प्रदान गरिरहेको छ । यस कार्यक्रमको संचालनको क्रममा संस्थाको धैरै समस्या चुनौतिहरु रहेका छन्, तिनिहरुलाई समाधानको बाटो पहिचान गरी निश्चित कार्ययोजना बनाई अगाडि बढ्नुपर्ने आजको आबश्यकता हो । सहकारी संस्थाहरु सदस्य केन्द्रित हुन्छन् । संस्थाले पनि सदस्यहरुको आर्थिक अवस्थामा परिवर्तन गरी सुधार ल्याउनका लागि सदस्य केन्द्रित कार्यक्रम चलाउन आवश्यक छ । सदस्यहरुलाई आर्थिक रुपले सवल सक्षम बनाउनु पर्दछ भन्ने अभिप्रायले यस संस्थाको स्थापना गरिएको हो । सहकारी संस्थाहरुले सदस्यहरुको आर्थिक लाभको अतिरिक्त सामाजिक दायित्व विर्सनु हुँदैन सोही अनुरुपले सामाजिक क्रियाकलाप अगाडी बढाउनु पनि संस्थाको अर्को उद्देश्य हो । यस्ता गतिविधिलाई समेटि प्रतिस्प्रर्धात्मक बजारको यस घडिमा सहकारीको संदेश घर/घरमा पुऱ्याउनु बढी आवश्यक देखिन्छ ।

## २.) परिकल्पना ( Vision) :-

**“व्यवसायिक आत्मनिर्भर वित्तिय सक्षमता सहितको गुणस्तरिय साकोस”**

## ३.) अभियान ( Mission )

ग्रामिण क्षेत्रमा वसोवास गर्ने न्यून आय स्तर भएका नागरिकहरुमा सहकारी मार्फत बचत र ऋणको परिचालन गरी सदस्यहरुलाई व्यवसायिक वनाई, सदस्यहरुको बिचमा आर्थिक विषमता हटाएर हरेक पक्षबाट आत्मसम्मानका साथ बाँच्नका लागि सक्षम बनाउने ।

## ४. लक्ष्य ( Goal ) :-

- आफ्ना सदस्यहरुलाई लघुउद्यम र लघुवित्त कार्यक्रम मार्फत सदस्यहरुलाई चेतना अभिबृद्धि गराई नियमित वचत गर्ने बानीको विकास गर्ने ।
- नियमित रुपमा बचत संकलन गरी उत्पादनमुखी, आयमुलक र सीपमुलक उद्देश्यका लागि सदस्यहरुका विच उचित ब्याजदरमा ऋण प्रदान गर्ने ।
- विपन्न वर्गका दलित, जनजाति, आदिवासि सदस्यहरुलाई स-साना आय मुलक व्यवसाय गर्नका लागी बिशेष प्रोत्साहित र सहयोग गर्ने ।
- उपर्युक्त कार्यक्रम सञ्चालन गरी आर्थिक सामाजिक विकास गराई गरिबी निवारणमा सहयोग पुऱ्याउने, एक सभ्य समाजको स्थापना गर्ने र आत्म निर्भरतामा जोड दिने ।
- संस्थाको कार्य क्षेत्र भित्रका सम्पूर्ण सदस्यहरुलाई संस्थामा आवद्ध गराई आर्थिक क्रियाकलापमा सक्रिय सहभागी वनाउने ।
- संस्थाको कार्यक्षेत्र भित्रका सदस्यहरुलाई वित्तिय पहुँचमा पुऱ्याउन सेवाकेन्द्र मार्फत कार्य संचालन गर्ने ।
- सहकारी संस्थाको परिचय हुने खालको कार्यक्रम सेवाकेन्द्र मार्फत हरेक घर/घरमा पुऱ्याउने जस्तै : सहकारी जनचेतना, लैङ्गिक विभेद, स्वास्थ्य सरसफाई कार्यक्रम ।
- हरेक सदस्यहरुलाई वचतको महत्व बुझाई वचत संकलन तथा परिचालन गर्ने ।
- विपन्न समुदाय बिच लक्षित कार्यक्रम पुऱ्याउने ।
- गरीबसंग अन्धकारमुक्ति कार्यक्रम संचालन गर्ने ।
- एक गाउँ एक उत्पादन, एक महिला केन्द्र एक वस्तु उत्पादनको निति लिने ।
- सिपमूलक तालिमको व्यवस्था मिलाई प्रत्येक सदस्यलाई आय आर्जनमा प्रोत्साहित गर्ने
- आगामी दिनहरुमा सेवाकेन्द्रहरु संचालनमा आफ्नै भवन प्रयोग गर्ने ।
- केन्द्रिय कार्यालय लगाएत सवै सेवाकेन्द्रहरुलाई सुविधा सम्पन्न गराउने ।
- समयको माग संगै उच्च प्रविधिको प्रयोग गर्ने साथै सुविधायूक्त साधनको व्यवस्था गर्ने ।

## ५.) उद्देश्य (Objective ) :-

बैंकिङ्ग सुविधाबाट वञ्चित परिवार तथा विपन्न वर्गका महिला, दलित, जनजाति र आदिवासीहरुलाई

आवश्यक पर्ने बचत तथा ऋण सुविधा उनीहरुलाई घर दैलोमा उपलब्ध गराई उत्पादन मुलक तथा आय बृद्धि कार्यक्रममा सरिक गराएर स्वावलम्वन विकासमा उन्मुख गराउन सघाउनु कार्यक्रमको मुख्य उद्देश्य हो ।

- सहकारी मूल्यमा आधारित भई उच्च स्तरीय ढंगले संचालन गर्दै सदस्यहरुलाई गुणस्तरीय वित्तिय सेवा प्रदान गर्ने सहकारी संस्था ।
- सदस्यको आर्थिक जिवनस्तर वृद्धि गर्न प्रतिस्पर्धी वित्तिय सेवा मार्फत सहकारी सिद्धान्त अनुसार कार्य संचालन गर्ने
- हरेक बच्चाको भबिष्य निर्माणको लागि बाल बचतलाई अनिवार्य गर्ने ।

## ६.) संस्थागत स्वरूप :

सम्पुर्ण शेयर सदस्यहरु भएको साधारण सभा संस्थाको सर्वोच्च निकाय हो । यसले हरेक ४/४ बर्षमा १५ सदस्यीय संचालक समिति, ३ सदस्यीय लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्दछ । संचालक समितिले संस्था सञ्चालनका सम्पुर्ण कार्यहरुमा जस्तै शिक्षा उपसमिति, ऋण उपसमिति, लघुवित्त कार्यक्रम विकास तथा विस्तार उपसमिति र अन्य आवश्यकता अनुसार उपसमितिहरुको गठन गर्दछ।

## ७.) संस्थाको कार्यक्षेत्रहरू:

संस्थाको कार्यक्षेत्र पाल्पा जिल्ला भर रहेको छ ।

## ८.) सदस्य राहत कार्यक्रम

यस सहकारी संस्थाको सदस्य राहत कार्यक्रम अन्तरगर्गत जिवन तथा आवास सुरक्षा कार्यक्रमको शुरुवात निम्न अनुसारको निती भित्र रही शुरुवात गरिएको छ। यस नितिगत व्यवस्था भित्र समावेश भई राहत प्राप्त गर्नुहुन सम्पुर्ण सदस्यहरुमा हार्दिक अनुरोध गर्दछौ । यो व्यवस्थालाई आगामी दिनमा विशेष व्यवस्था गर्न लागिएको छ।

- शेयर सदस्यको घरगोठ आगजनीमा परी सम्पुर्ण बिनास भएमा राहत स्वरुप नगद रकम प्रदान गर्ने ।
- दैवीप्रकोप, बाढी, पहिरो, भुकम्पबाट शेयर सदस्य तथा लघुवित्त सदस्यको घरगोठ क्षती भएमा राहत स्वरुप नगद रकम प्रदान गर्ने ।
- शेयर सदस्यलाई दुइमात्र सन्तानको हकमा एक पटक स्याहार खर्च तथा नवजात शिशु बचत योजना अनुसार बच्चाको खाता खोली नगद रकम प्रदान गर्ने व्यवस्था ।

## ९.) जेष्ठ शेयर सदस्य सम्मान कार्यक्रम

सहकारी संस्थाहरु नाफा केन्द्रित मात्र होइनन् सदस्य सेवामुखी पनि हुन भन्ने नितिका साथ यस संस्थाले संचालन गरेको सदस्य राहत कार्यक्रमलाई अझ प्रभावकारी बनाउन जेष्ठ शेयर सदस्य

सम्मान कार्यक्रम लागु गरिएको छ। जेष्ठ शेयर सदस्यहरुलाई सम्मान स्वरुप मासिक रु. ५००/ भत्ता उपलब्ध गराउने नितिगत व्यवस्था कायमै रहेको छ। यसवर्ष ०७८/०७९ भरिमा ११२ जना जेष्ठ शेयर सदस्यहरुलाई पेन्सन स्वरुप बार्षिक रु. ७,८७,०००/- भत्ता वितरण गरिएको थियो।

## १०.) सामाजिक कार्यहरू :-

यस संस्थाले विगतका बर्ष देखी निम्न अनुसारका सामाजिक कार्यहरुमा सहभागिता जनाईरहेको छ। जस अनुरुप कुनै असल उद्देश्यका लागि संचालित सामाजिक, धार्मिक कार्यहरुमा सहयोग गर्ने। विद्यालय मैत्री कार्यक्रम संचालन गर्ने, समुदायसँग सहकारी कार्यक्रम संचालित, सदस्य स्वास्थ्य शिविर जस्ता कार्यक्रम गरी यस संस्थाले सामाजिक उत्तरदायित्व निर्वाह गरिरहेको छ।

## ११.) संस्थाका संचालनमा रहेका प्रमुख कार्य र बिशेषताहरू :

- वित्तिय पहुँच नपुगेका गाउँबस्तीहरुमा सेवा बिस्तार गरी रोजगारी श्रृजना गर्ने।
- ०५६ सालमा घरको आँगनबाट सुरु भएको संस्था हालसम्म आउदा पाल्पा जिल्ला कार्यक्षेत्र बनाई पुर्वि पाल्पा भर सेवा क्षेत्र बिस्तार गर्न सफल।
- सहकारी मुल्यमान्यता अनुरुप सम्पुर्ण शेयर सदस्यहरुमा समान अधिकार।
- शेयर सदस्य तथा लघुवित्त कार्यक्रममा आवद्ध सदस्यहरुको श्रीमान् तथा श्रीमतीको मृत्यु भएमा संस्थाबाट राहत प्रदान गर्ने गरेको।
- शेयर सदस्य तथा लघुवित्त कार्यक्रममा आवद्ध सदस्यहरुलाई लक्षित गरेर गरिएको बिविध कार्यक्रम, तालिम, गोष्ठी, लघुवित्त दिवस र सेमिनार गर्न सफल।
- नेपाल सरकारले अवलम्वन गरेको युवा स्वरोजगार नितिलाई सहकारीमा कार्यान्वयन गरी सदस्यहरुलाई सुलभ ब्याजदरमा कर्जा प्रदान।
- शेयर सदस्य या लघुवित्त सदस्यहरुलाई प्रदान गर्दै आईराखेको सुत्केरी स्याहार खर्च स्वरुपको रकम दुई बच्चाको हकमा एक सदस्य एकपटक निती लिई प्रदान गरेको।
- हरेक बार्षिक साधारण सभाबाट संस्थाको गतिविधीको बारेमा शेयर सदस्यहरुलाई सार्वजनिक गरिएको।
- सदस्यहरुका लागि आकस्मिक औषधी उपचारको लागि ०% ब्याजदरमा छोटो समयको लागि ऋण सेवा।
- प्राकृतिक बिपत्तीमा परेका शेयर सदस्य तथा लघुवित्त सदस्यहरुलाई राहत बितरण।
- सक्रिय रुपमा काम गर्ने ७० बर्ष नाघेका जेष्ठ शेयर सदस्यहरुलाई मासिक पेन्सन स्वरुप भत्ताको व्यवस्था।
- यस संस्थाका संस्थापक, पुर्व संचालक, कर्मचारी र संस्थामा विशेष योगदान पुऱ्याउने कर्मचारीहरुलाई सम्मान गर्ने कार्यक्रम।
- अन्धकारबाट उज्यालो कार्यक्रम संचालित (सोलार होम सिस्टम कार्यक्रम)।
- संस्थाको १८ औं साधारणसभा देखी आफ्नै भवनबाट सेवा सुरु।
- सेवालाई छिटो, छरितो तथा सर्वसुलभ बनाउन सेवाकेन्द्रहरुको स्थापना

- उत्कृष्ट व्यवसायिहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार तथा सम्मान
- महिलाहरुलाई लक्षित गरी लघुवित्त कार्यक्रम संचालित ।
- विकट गाउँबस्तीहरुमा सेवा बिस्तार गर्ने निति
- बचत नितीमा सुधार गरी शेयर एवम् बचतमा जोड
- हरेक बार्षिक साधारण सभामा बृद्धहरुलाई सम्मान
- विद्यालय स्तरमा विद्यालय मैत्री कार्यक्रम संचालित
- बचतमा उचित ब्याज कर्जामा सुलभ ब्याज ।
- समुदायसँग सहकारी कार्यक्रम संचालित
- बार्षिक कार्यक्रम तयगरी कार्यक्रम संचालन
- महिलाहरुको लागि बिशेष कार्यक्रम संचालन
- धेरै संख्यामा महिला सदस्य भएको ।
- बार्षिक रुपमा भित्तेपात्रो प्रकाशन ।
- निरन्तर अनुगमन ।
- जिल्लामै छुट्टै पहिचान ।
- खर्चमा मितव्ययिता ।
- रेमिटान्स सेवा ।

**भाग-२**

# वार्षिक प्रतिवेदन



**सागर प्रसाद देवकोटा**
अध्यक्ष

**श्रद्धेय प्रमुख अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, बिभिन्न, संघ संस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु संस्थाको सल्लाहकार ज्यूहरु, संचालक समितिका साथीहरु तथा लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका साथीहरु, शेयर सदस्य महानुभावहरु, पत्रकार मित्रहरु, कर्मचारी साथीहरु यस संस्थाको २४ औं गरिमामय वार्षिक साधारण सभाको अवसरमा यहाँहरुलाई हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।**

नेपालमा बचत तथा ऋण सहकारी अभियानको परिकल्पनाकार एवम् विभिन्न कालखण्डमा संघको नेतृत्व गर्दै अभियानलाई विश्व समुदायमा स्थापित गर्न योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरुप्रति यो महत्वपूर्ण वार्षिक सभामा अभिवादन व्यक्त गर्दछु ।

बचत ऋण अभियान साझा (Shared) सञ्जालका सेवा मार्फत समुदायको हितमा काम गर्न सकिन्छ भन्ने हामीले महसुस गरेका छौं । २४ औं साधारणसभामा यहाँहरूको ऐक्यवद्धताले यसलाई थप योगदान गर्नेमा हामी विश्वस्त छौं । "पारस्परिक सहयोगका माध्यमबाट अनौपचारिक संरचनालाई संस्थागत स्वरूप प्रदान गरी समुदायमा बचत तथा ऋण परिचालन मार्फत गरिबी न्यूनीकरणका लागि उद्यमशीलता विकास गर्न सहयोग पुग्दछ" भन्ने हाम्रा अग्रजहरूको विश्वासमा थप योगदान गर्न हामी उपस्थितभएका छौं । यस अवसरमा अभियानको आफ्नै मुल्य मान्यता, अन्धकारमुक्ति साकोसको परम्परा, आदर्श र अग्रजहरुले देखाएको पथमा एकाकार भई परिणाममुखी कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं । यही अभियानको फल स्वरुप नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कूनले) यस बर्ष हाम्रो साकोसलाई प्रदेश नं ५ मा उत्कृष्ट साकोसको परिचय दिदै पुरस्कृत हुन पाउँदा अत्यन्त खुसी लागेको व्यहोरा सम्पुर्ण सदस्यहरुलाई जानकारी गराउन चाहान्छु ।

सहकारी अभियानको २४ औं साधारण सभाको संघारमा आईपुग्दा गत बर्ष जस्तै नेपाल सरकार सहकारी विभागले जारी गरेको परिपत्र, सहकारी ऐन २०७४ ले र सम्वन्धित निकायहरुले निर्देशित गरे बमोजिम प्रतिनिधीत्व मुलक सदस्यहरुको सहभागिता हुने गरी संस्थाको संचालक समितिको बैठकबाट कार्य विधि तयार गरी सोही अनुसार २४ औं साधारण सभा सम्पन्न गर्न गईरहेको व्यहोरा अनुरोध छ । यस असहज परिस्थितिमा सदस्यहरुबाट प्राप्त राय सल्लाह, सुझावलाई सम्बोधन गर्दै संस्थाका कार्यक्रमहरु संचालित हुने व्यहोरा सम्पूर्ण शेयर सदस्यहरुलाई विश्वास दिलाउन चाहन्छु ।

## उपस्थित शेयर सदस्यज्यूहरू,

संस्थाको आर्थिक गतिविधिहरुलाई नजिकबाट नियाल्दा हालको बिषम परिस्थितिमा पनि अपेक्षित प्रगति हासिल गर्न सफल भएको व्यहोरा अवगत गराउन चाहन्छु । अव म आर्थिक वर्ष ०७८/०७९ सालको संस्थाको कार्य

प्रगति, वित्तिय स्थिति र संचालन भएका कार्यक्रमहरु विभिन्न माध्यमबाट सदस्यहरु माझ निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

- कार्यक्षेत्र भित्रका कोही पनि व्यक्तिहरु शेयर लिनबाट वञ्चित हुन नपरोस् भनि संस्थाले खुल्ला सदस्यता निति लिएको छ जस अनुरुप २०७९ आषाढ मसान्त सम्ममा १००६१ जना शेयर सदस्य संख्या पुगेको छ जसमा २६५६ जना पुरुष, ७३८४ जना महिला र २१ जना संस्थागत रहेकोछ गत आ. व. मा ४९६ जना सदस्य वृद्धि भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।
- सदस्यता वृद्धिको साथ साथै शेयरपुँजीमा पनि वृद्धि भएको छ । गत बर्ष १२ करोड ७३ लाख ४८ हजार ५ सय मात्र रहेको शेयरपुँजी यस बर्ष १३ करोड ८४ लाख ६४ हजार ८ सय पुगेको छ । पल्सको अनुपातमा शेयरपुँजी सन्तोषजनक रहेता पनि शेयरपुँजी थप गर्नका लागि थप योजना सहित कार्यक्रम अगाडि बढाईएको छ ।
- सदस्यहरुको आवश्यकतालाई परिपुर्ति गर्न तथा संस्थाको गुणस्तर वृद्धि गर्न अन्य संस्थासँग गरिएको साझेदारी कार्यक्रमलाई निरन्तरता दिईएको छ । स्थानिय सरकारसँग समन्वय गरी यस आ.व. मा पनि युवा स्वरोजगार कार्यक्रम संचालन गरिएको छ ।
- यस बर्ष कर्जा लगानीमा लरर १ अरव ८४ लाख १ हजार २ सय २५ पुगेको पनि जानकारी गराउन चाहन्छु ।
- हाल संस्थामा ४५ जना कर्मचारीहरुबाट कार्य संचालन भईरहेको व्यहोरा जानकारी गराउन चाहन्छु । संस्थाको लेखा सिस्टमलाई आधुनिकिकरण गर्दै लगिएको छ । सदस्यहरुको सुबिधालाई मध्य नजर गरी (SMS Service, ABBS, Mobile Recharge, ADSL Bill Payment) सेवा संचालनमा ल्याईएको छ । यस आ. व. देखि सदस्यहरुको पारदर्शिता र सरलीकरणको लागि (Mobile Banking Application संचालनमा गरी (Mobile Recharge, Electricity Bill Payment, Internet Bill Payment, khanepani Bill Payment, Online Fund Transfer) जस्ता सेवा हुने जानकारी गराउदछु । वित्तिय स्वस्थता कायम गर्नका लागि नेफ्स्कूनबाट संचालित PROBATION PROGRAME मा यस बर्ष पनि निरन्तरता दिईएको छ ।
- संस्थाको लघुवित्त कार्यक्रम तर्फ एक व्यक्ति एक ऋण फाइलको अवधारणा अनुसार ऋण व्यवस्थापन गरिएको छ । ऋणलाई थप व्यवस्थित गर्न रु १ लाख भन्दा माथिका कर्जाहरु जोखिम न्यूनिकरणका लागि केन्द्रिय कार्यालयबाट Online Approve र सिस्टममा आबश्यक कागजहरु अपलोड गरी लगानी गर्ने व्यवस्था मिलाईएको छ भने व्यवसायिक ऋण अर्न्तगत १ लाखसम्म विना धितो र ३ लाखसम्म परियोजना हेरी व्यवसायीक ऋण प्रवाह भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।
- संस्थागत विकासका लागि सहकारी संस्थाहरु बिच एकीकरण गरी संस्थाको संख्यात्मक र गुणात्मक पक्षलाई वृद्धि विकास गर्ने कार्यक्रम अन्तरर्गत गत बर्ष अन्धकारमुक्ति साकोस र सहयोगी साकोस बिच एकिकरण भई रामपुरको मूख्य केन्द्र बिन्दु रहेको बेझाड बजारमा सहयोगी सेवाकेन्द्र नामाकरण गरी एकिकृत कारोबार भएको पनि जानकारी गराउन चाहन्छु । उक्त सेवाकेन्द्रलाई गत आ.व.मा थप व्यवस्थित गरिएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

- सदस्य राहत कार्यक्रमलाई नितिगत व्यवस्था गरी कार्यान्वयन गरिएको छ । सोही कार्यक्रम अनुसार निम्न शिर्षकहरुमा कुल जम्मा रकम २ लाख ९६ हजार मात्र सदस्य तथा सदस्यको परिवारलाई सहयोग उपलब्ध गराईएको छ ।

| **क्र. स.** | **शिर्षक** | **गत संख्या** | **गत बर्षको रकम** | **यस संख्या** | **यस बर्षको रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १. | सदस्यको मृत्यु | १३ | २६,००० | २३ | ४६००० | |
| २. | सदस्यको श्रीमान या श्रीमतिको मृत्यु | २६ | १,०४,००० | ४६ | १८४००० | |
| ३. | सुत्केरी स्याहार खर्च (नवजात वाल वचत योजना) | ४७ | ४७,००० | ३१ | ३१००० | |
| ४ | कोभिड | | | ३ | १५००० | |
| ५ | दैवी प्रकोप (आगलागी, बाढी पहिरो) | ७ | ३५,००० | ४ | २०००० | |
| **जम्मा** | | | **२१२०००/** | | **२९६०००** | |

उल्लेखित कार्यक्रम अनुसार जेष्ठ शेयर सदस्यहरुलाई मासिक रु.५००/ भत्ता वितरण गर्न शुरु गरिएकोमा हाल ११२ जना शेयर सदस्यहरुले यो सुविधा लिईरहनुभएको छ। यस आ. व. मा जम्मा रु.७८७,०००/- भत्ता वितरण गरिएको थियो । यस साधारण सभामा पनि थप नयाँ शेयर सदस्यहरुलाई पेन्सन सुविधा प्रदान गरिने व्यहोरा जानकारी गराउन चाहन्छु ।

- गत बर्ष कोरोना भाईरस कोभिडका कारण यस बर्ष देखा परेको मन्दिको बावजुत पनि संस्थाको आर्थिक वृद्धि सन्तोषजनक रहेको व्यहोरा पनि अवगत गराउन चाहन्छु। गत आ. व.०७७/०७८ सालमा संस्थाले आर्थिक कारोवारमा गरेको प्रगतिका मुख्य/मुख्य कुरा तथ्याङ्कक्रिय विधिबाट तपाईहरु समक्ष पेश गरेको छु।

| आ. व. | शेयर सदस्य | शेयर पुँजी | बचत हिसाब | लगानीमा रही रहेको ऋण | कोष (सबै) | शुद्ध नाफा |
|---|---|---|---|---|---|---|
| ०७७/०७८ | ९५६५ | १२७,३४८,५०० | ९३३,०९९,२६१.२८ | ८६१,८३६,९९०.०८ | ११४,५९८,२१७.९ | ३८,६३१,०४१.२६ |
| ०७८/०७९ | १००६१ | १३८,४६४,८०० | ९८१,४३८,२६२.८७ | १,००८,४०१,२२५.०७ | १३५,०५९,२७१.६६ | ४४,६६८,७५२.६९ |

गत साधारण सभा पछि २०७९ साल मंसिर १० गतेसम्म यस समितिको कार्यकालमा कुल बैठक संख्या १३ पटक बसि संस्थाको मासिक आर्थिक प्रतिवेदन, सदस्यता स्वीकृती जस्ता विषयहरु अनिवार्य रुपमा प्रस्तुत गरी त्यस उपर छलफल गरी सबैको राय सल्लाहमा पास तथा अनुमोदन भएका थिए। बार्षिक कार्ययोजना र गत साधारण सभाले पास गरेका कार्य तालिका अनुसारका कार्यक्रमहरु सम्पन्न भएका छन्। संचालक समिति, आवश्यकता अनुसार उपसमितिहरु, सल्लाहकार समितिका महानुभावहरुबाट बैठकको निर्णय प्रकृयामा सहयोग मिलेको थियो ।

**अन्तमा** हाम्रो अभिलेखमा प्राप्त भएको आ. व. ०७८/०७९ सालको तथ्याङ्कको आधारमा हामीले हाम्रा गत आर्थिक बर्षमा पनि संस्थामा विभिन्न माध्यामबाट योगदान गर्नुहुन सदस्यहरुलाई गुमाउनु परेको छ । यो अपुरणीय क्षतिबाट हामी सम्पूर्ण अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्थामा सहकार्य गर्न अगाडि बढेका मित्रहरुको क्षतिबाट हामी मर्माहत भएका छौ । यस साधारण सभा उहाँहरुको शोक शन्तव्द परिवार प्रति समवेदना प्रकट गर्दै स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दछौं । अन्त्यमा, सभ्य र भव्यरुपमा यो २४ औं वार्षिक साधारणसभा सञ्चालन गर्न सहयोग पुऱ्याउनुहुने सरोकारवाला निकायहरु, शेयर सदस्य महानुभावहरु, संस्थाको बिशेष परिस्थितीमा आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने सल्लाहकारज्यूहरु, लेखा सुपरीवेक्षण समिति, संचालक समिति, बिभिन्न उपसमितिका पदाधिकारीहरु, व्यवस्थापक सहित कर्मचारीहरु, यस संस्थाको निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने श्रद्धेय प्रमुख अतिथि, अन्य अतिथिगण ज्यूहरु, पत्रकारज्यूहरु, राजनैतिक दलहरु र विभिन्न संघसंस्था प्रति निरन्तर सद्भावपूर्ण सहकार्यको अपेक्षा सहित हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु ।

जय सहकारी

# वार्षिक नीति र भावि कार्यक्रम



**ओमप्रकास बस्याल**
सचिव, संचालक समिति

## सभापति महोदय

यस अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्था लिमिटेड रामपुर पाल्पाको २४ औं वार्षिक साधारण सभाका अध्यक्ष महोदय, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, सम्पुर्ण आमन्त्रित अतिथिज्यूहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिज्यूहरु, बैंक तथा वित्तिय संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, सम्पूर्ण शेयर सदस्य महानुभावहरु, सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, महिला दिदि वहिनीहरु, संचारकर्मी साथिहरु र उपस्थित महानुभावहरु । यस गरीमामय साधारण सभामा संचालक समितिको सचिवको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । यस साधारण सभालाई सभ्य र भव्यकासाथ सुसम्पन्न गर्नका लागि यहाँहरु सबैको सहयोग मिल्नेछ भन्ने अपेक्षा पनि गर्दछु ।

संस्था संचालन गर्ने क्रममा विभिन्न अवसर र चुनौतिहरु हुन्छन्, चुनौतिको वावजुद पनि संस्थाले लक्ष्य अनुरुपको कार्यक्रम विस्तार तथा विकास गर्दै लैजान सक्नुनै दक्षता र कुशलता हो । समस्यासँग जुध्दै समाधानका उपायहरु खोज्नुनै महानता हो । यस संस्थाका सवल पक्षहरुको प्रयोग गरी दुर्वल पक्षहरुलाई कम गर्दै लैजाने निति संस्थाले लिएको छ र यसो गर्दा नै संस्थालाई सफलता मिल्नेछ भन्ने मलाई लाग्दछ । गत बर्ष जस्तै अव म आगामी दिनहरुमा संस्थालाई अझ प्रभावकारी रुपमा अघि बढाउन शेयर सदस्य, कर्मचारी तथा सदस्यहरुमा केन्द्रित कार्यक्रमहरु, बार्षिक कार्यक्रम तथा कार्ययोजना संचालनको लागि निम्न अनुसारको नितिहरुको अवलम्वन गरिने व्यहोरा निवेदन गर्दछु । जुन व्यवस्थाहरु साधारण सभाबाट पास गराई नितिगत रुपमा उतारी कार्यान्वयनमा ल्याईनेछ ।

## १. सदस्यता निति :-

यस संस्थाले सदस्यता वितरणमा स्पष्टताकोलागि र सदस्य विस्तारका लागि एक छुट्टै सदस्यता निति तयार गरिएको छ सोही अनुसार सदस्यता वितरण भईरहेको व्यहोरा अवगत गराउन चाहन्छु । जुन नितिगत व्यवस्थाले संस्था व्यक्तिप्रदान नभई निति प्रदान भएको महशुश भएको छ । सदस्यता प्रदान गर्दा सरलता होस् भनि आवश्यक कागज पत्र पुरा गराई सेवाकेन्द्र प्रमुखहरुको स्वीकृतिमा सदस्यता वितरण गर्ने निति संस्थाले लिएको व्यहोरा अवगत गराउन चाहन्छु । सदस्यता विस्तारको लागि संस्थाले संचालन गर्ने विभिन्न खाले कार्यक्रमहरु निम्न अनुसार हुनेछ ।

- सदस्यता वृद्धिकालागि बार्षिक रुपमा बजेटको व्यवस्था गरी विभिन्न स्थानमा गई सदस्य बिस्तार अभियान संचालन गर्ने ।
- सेवा केन्द्र तथा कर्मचारीहरुलाई मासिक रुपमा सदस्यता वृद्धिकालागि तथ्याङ्क किटान गरी लक्ष्य

सहितको कार्यविवरण दिने ।

- उमेर पुगेका वाल वचत सदस्यहरुलाई सदस्यता प्रदान गर्ने ।
- सेवा केन्द्र तथा कार्यक्षेत्र विस्तारको निति अवलम्वन गर्ने ।

## २. शेयर निति :

यस संस्थाले विगतका बर्षहरु जस्तै यस बर्ष पनि खुल्ला शेयर निति अवलम्वन गर्नेछ । शेयर सदस्यहरुमा कुनै किसिमको भेदभाव गरिने छैन्, अधिकारलाई समान गरिने छ । शेयर वृद्धि गर्दै लैजाने निति अनुसार बार्षिक रुपमा शेयर थप गर्नलाई प्रोत्साहित गरिनेछ । औषत शेयर अनुपातलाई ध्यानमा राखि सदस्यहरुलाई शेयर थप गर्न प्रोत्साहित गरिने छ । औषत शेयर संख्या वृद्धिकालागि निम्न अनुसार नितिगत व्यवस्था गरिनेछ ।

- एक सदस्यलाई नियमित कार्यालय तर्फ कम्तिमा ५,०००/ सम्मको र लघुवित्त कार्यक्रम तर्फ पनि कम्तिमा ५,०००/ सम्मको शेयर खरीद गर्न प्रोत्साहित गरिने छ । तर विपन्न सदस्यहरुलाई आर्थिक अभावको कारणले शेयर सदस्य बन्नबाट बञ्चित गरिने छैन ।
- ऋण प्रर्वाह गर्दा ऋण रकमको न्यूनतम् प्रतिशत सम्मको रकम शेयर खरीद गर्नुपर्ने व्यवस्था गरिने छ । सदस्यलाई कर्जा प्रवाह गर्दा कर्जा रकमको १ प्रतिशत सम्म शेयर थप गर्नका प्रेरित गरिने छ । ।
- कारोबार बचतबाट शेयर थप गर्नकालागि सदस्यहरुलाई निवेदन गरिने छ भने नियमित वचतको ५० % रकमबाट पनि शेयर खरीद गर्न सकिने व्यवस्था गरिने छ ।
- कारोवारको आधारमा सदस्यले आर्थिक लाभ हासिल गर्न सक्ने संरक्षित पुँजिफिर्ता कोषलाई सहकारी ऐन २०७४ ले व्यवस्था गरे अनुसार प्रभावकारी ढङ्गले व्यवस्थापन गरिनेछ ।

## ३. बचत निति :-

वित्तिय आत्म निर्भरताको लागि संस्थाको मूल श्रोत नै बचत भएको कारण बचत वृद्धिका लागि निम्न अनुसारका नितिहरु अवलम्वन गरिनेछ । बचतलाई प्रभाव पार्ने मूख्य तत्व ब्याजदर भएको कारण संस्थाको वरिपरिका संस्थाहरुको ब्याजदर संकलन गरी सोको विश्लेषण गरी समय सापेक्ष समय समयमा ब्याजदरमा परिवर्तन गर्ने निति संस्थाले अवलम्वन गर्नेछ ।

- वित्तिय आत्म निर्भरताको लागि सदस्यहरुलाई बचतको महत्वको बारेमा वित्तिय शिक्षा प्रदान गरी बचत गर्नमा विशेष प्रोत्साहन गरिने छ ।
- वित्तिय साक्षरताका कक्षाहरु प्रभावकारी ढङ्गले संचालन गरिनेछ साथै, बचत गर्नमा सदस्यहरुलाई प्रोत्साहीत गर्न अभियान संचालन गरिनेछ ।
- नियमित वचतलाई रु.५००/- बाट रु.५०० ले भाग जाने रु.५००० सम्मको मासिक बचत गर्ने नितिगत व्यवस्था संस्थाले गर्ने ।
- बचत बृद्धिकोलागि बिशेष बचत खाता, कुनै निश्चित समयमा बचत रकमको दोब्बर रकम भुक्तानि दिने जस्ता बचतका प्रकारहरु संचालनमा ल्याईने छ ।

- विमा योजना अनुसार विमा वचत योजना संचालन गरिने छ । त्यसैगरी न्युनतम् बचतको आधारमा व्याज भुक्तानी गर्ने बचतका प्रकारहरु थप गरिने छ ।

## ४. ऋण निति :-

संस्थाले सदस्यहरुलाई प्रदान गरेको ऋण सुरक्षणकालागि निम्न अनुसारले व्यवस्थापन गरिनेछ । साथै बजार व्याजदर र वित्तिय लागतलाई विश्लेषण गरी समय सापेक्ष ब्याजदरमा परीवर्तन गरीनेछ ।

- ऋणलाई व्यवस्थापन गर्नका लागि केन्द्रिय कार्यालयमा ऋण विभागमा विभागीय कर्मचारीहरुबाट ऋण व्यवस्थापन गर्ने व्यवस्था मिलाईएको छ ।
- ऋण लगानी गर्दा घरेलु साना उद्योगहरुलाई प्राथामिकतामा दिईने निति संस्थाले अवलम्वन गर्नेछ ।
- 5C विश्लेषण गरेरमात्र कर्जा लगानि गर्ने निति अवलम्वन गरिएको छ । यसलाई लघुवित्त कार्यक्रम तर्फ पनि प्रभावकारी ढङ्गले अगाडी बढाईने छ भने किस्ता तिर्न सक्ने क्षमतालाई प्राथामिकता दिईनेछ ।
- ऋण रकमलाई भुक्तानि गरेको दिननै पुन लगानि गर्ने प्रर्णालिलाई पुर्ण रुपमा निरुत्साहित गरिने छ ।
- यस आ. व. देखी अन्तिम भाखा मितिले १ बर्ष भन्दा माथि भाखा नघाउने सदस्यहरुको नाम संस्थाले प्रकासित गर्ने सहकारी वुलेटिन र बार्षिक प्रतिवेदनहरुमा पनि प्रकासित गरीने छ ।
- भाखा नाघेको ऋण असुलीकालागि ऋण असुली निति तयार गरिएको छ । ऋण असुलि नितिलाई कार्यान्वयनमा ल्याई भाखा नाघेको ऋण अनिवार्य असुली गरिनेछ भने आवश्यक परेमा यसै साधारण सभाबाट निर्णय गरी संस्थाले धितो लिलामको कानुनी प्रकृया पनि अगाडि बढाईने छ ।
- यस आ. व. देखी अन्तिम भाखा मितिले १ बर्ष भन्दा माथि भाखा नघाउने सदस्यहरुको नाम संस्थाले प्रकासित गर्ने सहकारी वुलेटिन र बार्षिक प्रतिवेदनहरुमा पनि प्रकासित गर्ने निति संस्थाले लिने व्यहोरा पनि जानकारी गराउन चाहन्छु ।

## ५. सेवा विस्तार तथा गुणस्तरीयता सम्बन्धि निति :-

यस संस्थाले आफ्नो कार्यक्षेत्र भित्रका सदस्यहरुलाई सेवामा शुलभताको लागि सेवाकेन्द्रहरुको स्थापना गरी संचालन गरेको व्यहोरा सबैलाई अवगतनै छ । सेवाकेन्द्र स्थापनासँगै यस्को व्यवस्थापन, जोखिम न्यूनिकरण र वित्तिय शुद्धिकरण गर्न संस्थालाई चुनौती पनि थपिएको छ । सेवाकेन्द्रहरुको जोखिम न्यूनिकरण साथै व्यवस्थापनका लागि निम्न नितिहरु अवलम्वन गर्ने निति संस्थाले लिनेछ । सर्वसुलभताको लागि सेवाकेन्द्रहरुको स्थापना पनि गरिने निति अवलम्वन गरीनेछ ।

- यस संस्थाले प्राप्त गरेको स्वीकृत सेवाकेन्द्रहरु मध्य एक स्थानमा सेवा केन्द्र थप संचालन गरिने छ ।
- गुणस्तर कायमका लागि नेफ्स्कूनबाट संचालित प्रोवेसन कार्यक्रमले उपलब्ध गराएको नयाँ म्यानूअललाई ध्यानमा राखि कार्यक्रम संचालन गरिने छ । प्रोवेसन कार्यक्रमको संलग्नतालाई निरन्तरता दिईने छ ।
- शेयर सदस्यहरुको सुनिश्चित भविष्यका लागि जिवन तथा दुर्घटना बिमा कार्यक्रम अगाडी बढाईने छ ।
- मासिक पल्स विश्लेषण गरि कमजोर देखिएका क्षेत्रमा सुधारका लागि योजना बनाई अघि बढिने छ ।
- अहिले भएको Software लाई आवश्यक देखिएका विषयहरु थप गर्न लगाईने छ । Digital Mobile

Banking, Mobile Recharge, Bill Payment जस्ता बिशेषताहरु थप गरिने छ ।

- संस्थाको सि. सि. क्यामरा, डिजिटल हाजिरीलाई चालु आ. व. भित्रमा सेवाकेन्द्रहरुमा पनि व्यवस्था गरिने छ । प्रविधि युक्त कार्यालयको विकास गरिने छ ।

## ६. जनशक्ति व्यवस्थापन सम्वन्धि निति :-

जनशक्ति व्यवस्थापन गर्नका लागि मानव संसाधन निति तयार गरिएकोमा यसै साधारण सभाबाट अनुमोदन गराई कार्यान्वयनमा ल्याईनेछ । सोही निती भित्र रही कर्मचारी पदपूर्ति गरिने छ । कर्मचारी नियमावलीलाई समयसापेक्ष सुधार गरिने छ । संस्था विस्तार र विकासकालागि दक्ष कर्मचारीहरुको आवश्यक परेमा भर्ना गरिनेछ । अन्य व्यवस्थाहरु निम्न अनुसारले गरिने छ ।

- कर्मचारीहरुलाई कामप्रति बढि लगनशिल र वफादार बनाउन गोष्ठि, अध्ययन अवलोकन भ्रमण, तालिमहरु संचालन गरीने छ ।
- कर्मचारीहरुलाई अनुशासित र कर्तव्यवोध गाराउनकालागि कर्मचारी आचार संहिता तयार गरीएकोले यस साधारण सभाको स्वीकृत पश्चात कार्यान्वयनमा ल्याईने छ ।
- कर्मचारीहरुको कार्य अनुभव, योग्यताका आधारमा पद सृजना गरी व्यवस्थापकिय संरचना व्यवस्थित गरिने छ ।
- समय सापेक्ष कर्मचारीहरुको सेवा सुविधा थप गरिने छ । साथै कर्मचारीहरुको दुर्घटना विमा अनिवार्य गरिने छ, आवश्यक छलफल गरी जिवन विमाको प्रकृया अगाडि बढाईने छ ।
- कर्मचारीहरुले लामो समयसम्म संस्थामा सेवा गरुन भन्ने हेतुले कर्मचारी सुविधा ऋण सुलव ब्याजदरमा उपलब्ध गराईनेछ ।

## ७. समुदाय तथा सदस्य मुखि कार्यक्रम संचालन सम्बन्धमा :

समुदाय तथा सदस्य मुखि कार्यक्रम अर्न्तगत निम्न कार्यक्रम हरु संचालन गरिने छ ।

- संस्था विकास तथा विस्तार का लागि सहकारी शिक्षा, गोष्ठि, व्यवसायिक तालिम, संस्था परिचय, समुदायसँग सहकारी रेडियो कार्यक्रम, सेवा केन्द्र विस्तार, कार्यक्षेत्र विस्तार, सामाजिक विकास कोषको कार्यान्वयन, स्वास्थ्य शिविर जस्ता सामाजिक कार्यक्रमहरु शिक्षा उपसमितिको संलग्नतामा संचालन गरिएकोमा यस बर्ष पनि निरन्तरता दिईनेछ ।
- कोष संचालन निर्देशिका अनुसार सामाजिक विकास कोषको रकम समाज विकासमा खर्च गरिने छ ।

## ८. सम्मान तथा पुरस्कार :

यस सहकारी संस्थाले आफ्नो वार्षिक साधारण सभामा सदाको वर्ष जस्तै प्रदान गदै आएको सम्मान तथा पुरस्कारलाई निरन्तरता दिईने छ । संस्थाले सम्मान तथा पुरस्कार निर्देशिका बनाई यसको मूल्याङ्कन प्रर्णालीलाई अझ बढि सशक्त गराईने छ । यस बर्ष पनि संस्थाले संस्था स्थापनाको दिन पारी सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## ९. नितिगत व्यवस्था गर्ने निति

हाल कार्यान्वयनमा रहेका निति तथा निर्देशिकाहरु कतिपय बिषयमा कमि रहेको र कतिपय विषयमा समय सापेक्ष परिमार्जन गर्नुपर्ने भएकोले सहकारी संस्थालाई समय सापेक्ष निति नियमहरु विस्तारै सुधार गर्दै लगिने निति अवलम्वन गरिने छ। यस आ. व. वाकि नितिहरु पनि कार्यान्वयनमा लगिने छ।

## १०.) जेष्ठ शेयर सदस्य सम्मान कार्यक्रम

यस संस्थाले संचालन गरेको सदस्य राहत कार्यक्रमलाई यस बर्ष पनि निरन्नतरता दिदै गईने छ। जेष्ठ शेयर सदस्यहरुलाई सम्मान स्वरुप भत्ता उपलब्ध गराउने नितिगत व्यवस्थाले संस्थालाई चुनौतीको रुपमा व्यायभार थपिने देखिन्छ तसर्थ यस निति उपर यस साधारण सभामा छलफल गरी थप निति तय गर्नुपर्ने आवश्यकता छ।

# संस्थाको आर्थिक प्रतिवेदन २०७९

**देवेन्द्र प्रसाद पोखरेल**
कोषाध्यक्ष



यस संस्थाको २४ औं साधारण सभाका आदरणीय अध्यक्ष ज्यू संस्थाको २४ औं साधारण सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, सम्पुर्ण अतिथिज्यूहरु, संचालक समितिक, लेखा समिति, उपसमितिका सदस्य ज्यूहरु, शेयर धनि महानुभावहरु र लघुवित्त कार्यक्रममा आवद्ध दिदिबहिनीहरु, पत्रकार मित्रहरु, अन्य उपस्थित आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

ग्रामिण परिवेशमा २०५५ सालमा स्थापना भएको यस अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. आज २४ औं वार्षिक साधारण सभा सम्म आउदा १००६१ शेयर सदस्यहरु माझ वित्तिय सेवा दिने, लुम्विनी प्रदेशमा उत्कृष्ठ सहकारी संस्थाको रुपमा "अन्धकारमुक्ति साकोस" भन्ने परिचय बनाउन सफल भएका छौ । पछिल्लो समय वित्तिय संस्थाहरुमा देखिएको तरलता अभावको खवर प्रति हामी जानकार छौ त्यसैले अहिले पनि हामीसंग प्रयाप्त मात्रामा तरलता मौज्याद रहेको छ । शेयर सदस्यहरुको सुविधाको लागि अन्तर शाखा ब्यद्यक कारोवार भैरहेको छ। समयानुकुल आधुनिक प्रविधीको प्रयोगलाई अझै बढवा दिनुपर्ने विषयमा संचालक समिति जिम्मेवारपुर्वक लागेका छौ । नेपाल बचत तथा ऋण केन्द्रिय संघ लि.को प्रोवेसन कार्यक्रम अनुसार अधिकांश आर्थिक सुचक पुरा भएका छन । संस्थाको आन्तरीक तथा वाह्य लेखापरिक्षकवाट लेखापरिक्षण सम्पन्न भएको छ सोही लेखा प्रतिवेदनको आधारमा यो प्रतिवेदन तयार गरी प्रस्तुत गर्न गैरहेको छु। त्यसैले म सम्पुर्ण शेयर सदस्यज्यूहरुलाई संस्थाको आर्थिक अवस्था मजबुद, चुस्त दुरुस्त र पारदर्शी रहेको छ भन्ने जानकारी गराउदै संस्थाको अझै उन्नतीको शुभकामना दिदै उपयुक्त सुझावहरुको अपेक्षा सहित संस्थाको आर्थिक बर्ष ०७८/०७९ को आर्थिक गतिबिधी सहितको बार्षिक प्रतिबेदन पेश गर्न अनुमति चाहन्छु ।

### १) सदस्यतातर्फ :

गत आर्थिक बर्षमा ९५६५ जना शेयर सस्दय रहेकोमा यस बर्ष ५.१८% ले बृद्धि भई यस आर्थिक बर्षमा १०,०६१ जना पुगेको छ ।

### २) शेयर पुँजीतर्फ :

गत आर्थिक बर्षमा शेयर पुँजी रु. १२,७३,४८,५००/- रहेकोमा यस बर्ष ८.७२% ले बृद्धि भई यस आर्थिक बर्षमा रु. १३,८४,६४,८००/- पुगेको छ ।

### ३) बचत निक्षेप :

गत आर्थिक बर्षमा जम्मा बचत निक्षेप रु. ९३,३०,९९,२६१.२८/- रहेकोमा यस बर्ष ५.१८% ले बृद्धि भई यस आर्थिक बर्षमा रु. ९८,१४,३८,२६२.८७/- पुगेको छ ।

**४) ऋण तर्फ :**

गत आर्थिक बर्षमा लगानीमा रहेको रकम रु. ८६,१८,३६,९९०.०८/- रहेकोमा यस बर्ष १७.०१ % ले बृद्धि भई यस आर्थिक बर्षमा रु. १,००,८४,०१,२२५.०७/-पुगेको छ ।

**५) भाखा नाघेको ऋण :**

१ देखि १२ महिनासम्म भाखा नाघेको ऋण रु. १,२१,४२,७३३/- र १२ महिना भन्दा माथी भाखा नाघेको ऋण रकम रु. १,९८,७५,१९२/- गरी जम्मा भाखा नाघेको ऋण रकम रु. ३,२०,१७,९२५/- रहेको छ । यसरी कुल भाखा नाघेको ऋण ३.०७ % रहेको छ ।

**६) आयतर्फ :**

संस्थाले गत आर्थिक बर्षमा रु. १३,११,६२,२४८.८६/- कुल आम्दानी गरेकोमा यस बर्ष २०.७२ % ले बृद्धि भई यस आर्थिक बर्षमा रु. १५,८३,३७,३७५.५१/–पुगेको छ ।

**७) व्यायतर्फ :**

संस्थाले गत आर्थिक बर्षमा कुल खर्च रु. ९,०४,२६,०६६.२२/–रहेकोमा यस बर्ष २२.९७ % ले बृद्धि भई यस बृद्धि भई यस आर्थिक बर्षमा रु. ११,१२,००,६४३.४४ पुगेको छ ।

**८) खुद बचत(नाफा) :**

गत आर्थिक बर्षमा खुद बचत (नाफा) रु. ३,८६,३१,०४१.२७.२८/– रहेकोमा यस बर्ष १५.६३ % ले बृद्धि भई यस आर्थिक बर्षमा ४,४६,६८,७५२.६९/- पुगेको छ ।

**९) कुल पुँजी तथा दायित्व :**

गत आर्थिक बर्षमा संस्थाको कुल पुँजी तथा दायित्व रु. १,२०,४२,२८,४१७.९९/- रहेकोमा यस बर्ष ६.९५% ले बृद्धि भई यस आर्थिक बर्षमा रु. १,२८,७९,१५,०७८.२३/– पुगेको छ ।

**१०) कोष हिसाब**

गत आर्थिक बर्षमा सवै कोष रु. ११,४५,९८,२१७.९५/–रहेकोमा यस बर्ष १७.८५% ले बृद्धि भई यस आर्थिक बर्षमा रु. १३,५०,५९,२७१.६६/–पुगेको छ ।

अन्तमा माथि उल्लेखित तथ्याङ्क माथि कुनै किसिमको जिज्ञासा भए पछि छलफल गर्ने गरी यस २४ औं साधारण सभामा सक्रिय सहभागी हुनुभएकोमा निरन्तर सद्भावपूर्ण सहकार्यको अपेक्षा सहित हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु ।

**(जय सहकारी)**

# लेखा समितिको प्रतिवेदन

**बिष्णु प्रसाद लम्साल**
संयोजक
लेखा सुपरिवेक्षण समिति



अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. रामपुर पाल्पाको २४ औं गरिमामय बार्षिक साधारण सभाका अध्यक्ष महोदय, यस साधारण सभालाई सफल बनाउनका लागि पाल्नु हुने आदरणीय प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरु, अन्य अतिथि ज्यूहरु, पत्रकार एवं उपस्थित सम्पुर्ण शेयर सदस्य तथा लघुवित्त कार्यक्रममा आवद्ध शेयर सदस्यज्यूहरु, अन्य उपस्थित महानुभावहररुमा यस संस्थाको लेखा सुपरिवेक्षण समिति संयोजकको तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन टक्र्याउन चाहान्छु ।

एउटा सहकारी संस्थाकोलागि साधारण सभा बिगतलाई सिंहावलोकन गरी भबिष्यको मार्गचित्र कोर्ने र संस्थालाई सबल र सक्षम बनाउनका लागि योजना बनाउने पबित्र स्थल हो । सहकारी संचालनमा देखा परेका बाधा तथा कमजोरीहरुको पहिचान गरी सबल पक्ष तथा अबसरहरुको आर्दशतम् प्रयोग गर्दै संस्थालाई उन्नयनको मार्गमा अग्रसर गराई समय सापेक्ष आधुनिक ढंगले सहज र सरल सेवा प्रवाह गर्नु संस्थाको लागि अपरिहार्य छ ।

## आदरणीय शेयर सदस्य ज्युहरु,

सहकारीताको बिकास एउटा परिवर्तनशील यात्रा हो । यो एउटा त्यस्तो सृष्टी हो जसको अस्वभाबिक अन्त्य छैन । जतिसुकै अमरत्व प्राप्त भएपनि आफ्नो शक्तीको अप्राकृतिक प्रयोगले भने आफ्नै बिनाश निम्त्याउंछ भन्नेकुरा बिभिन्न पौराणिक कथाबाट पनि प्रष्ट हुन्छ । अतः हामी यो कुरामा सचेत छौं कि हाम्रो यो संस्था अविरल युगौं युग सम्म चलिरहनेछ, त्यसैले त दिगो विकासका सुचकहरुलाई ध्यानमा राख्दै योजनाबद्धरुपमा यो संस्था अनवरत् अगाडि बढिरहेको छ । तपाईहरु आफ्ना श्रृजनशिल हातहरु बढाउनुस ईमान्दार मन लिएर आउनुस् तपाईहरुको नविनतम कार्यमा हामी र संस्थाको साथ हरपल रहिरहनेछ । बिचरा भएर बांच्नु आत्मसम्मानको मृत्यु हो । त्यसैले भविष्यमा आईपर्ने समस्याहरुलाई सहजै समाधान गर्नको लागि बर्तमानमा हुने दैनिक खर्चको केही अंश कटौति गरी बचत गर्नु जरुरी छ भन्दै आदरणिय शेयर सदस्य ज्युहरु, तथा सभाध्यक्षको अनुमतीले आजको यस साधारण सभामा हाम्रो समितीको तर्फबाट संस्थाको विनियम,संस्था संचालनका लागि बनेका अन्य नीतिनियमहरुमा आधारित रही लेखा सुपरिवेक्षण समितीका सहकर्मी मित्रद्धय रामप्रसाद ढकाल र कृष्ण भण्डारीको साथमा हामीले संस्थाको वित्तिय बिवरणहरु बिल, भरपाई र निर्णय पुस्तिकाहरु लगायत समग्र आर्थिक कारोवार तथा अभिलेखहरुको हामीले पाएको जिम्मेवारी अनुसार समय समयमा निरीक्षण अनुगमन गर्दै संचालक समितिलाई अवगत गराउदै आएको व्यहोरा सर्वविदितै छ । आन्तरीक लेखा परीक्षणको क्रममा जे जस्ता तथ्यहरु प्राप्त भए तिनको आधारमा निम्न प्राप्ती तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

१. संस्थाको सम्पुर्ण कारोवारहरुको लेखा अभिलेख तथा अन्य आवश्यक अभिलेखहरु लेखाको सिद्धान्त एवं सहकारी ऐन नियम बमोजिम र २३ औं साधारण सभाले निर्देश गरे बमोजिम रहेको पाएका छौं ।
२. संस्थाले बार्षिक कार्यक्रम र बजेट तर्जुमा समयमै निर्माण गरी सोही अनुरुप कार्यान्वयन गरेको पाईयो ।
३. संस्थाले तलब भत्ता,ब्याजकर,घरभाडाकर जस्ता शीर्षकहरुमा नियमानुसार कर कट्टी गरेको र पाईएको छ ।
४. संस्थाले आफ्नो कार्यक्रम कार्यन्वयन गर्दै मुनाफालाई पनि बृद्धी गर्दै लगेको पाईएको छ ।
५. संस्थामा भएको कारोवार पारदर्शि रहेको र अनियमित खर्च गरेको पाईएन साथै आन्तरिक नियन्त्रण प्रणालि प्रभावकारी रहेको पाईयो
६. संस्थाको हिसाव किताव, बिल, भरपाई, भौचर र खातापाता दुरुस्त राखेको पाईयो ।
७. आन्तरिक लेखापरिक्षणका क्रममा सोधिएका प्रश्नहरु सम्बन्धित कर्मचारी बाट सन्तोषजनक रुपमा प्राप्त भयो ।
८. संस्थाले बचतमा दिने ब्याजदर र ऋणमा लिने ब्याजदर बिचको Spread Rate नियमानुसार रहेको पाईयो ।
९. संस्थाले सदस्यहरुलाई शेयर लाभांश र संरक्षित पुंजी फिर्ताकोषको रकम सहकारी सिद्धान्त अनुरुप कारोवारको अनुपातमा बितरण हुने गरेको पाईयो ।

## संस्थाको गुणात्मक वृद्धिकालागि हामिले आगामि दिनमा निम्न अनुसार विषयहरूमा सुधार हुने आशा लिएका छौ :

१. यस संस्थाको प्रमुख आम्दानीको श्रोत नै कर्जाबाट प्राप्त ब्याज भएकोले नियमित किस्ता ब्याज नबुझाउने सदस्यलाई समयमै कानुनी कारवाहि अगाडि बढाउनुपर्ने देखिन्छ ।
२. बार्षिक रुपमा अनिवार्य **SWOT Analysis** गर्न उपयुक्त हुने देखिएको ।
३. महत्वपुर्ण खाता तथा तमसुकहरुमा ऋणीको पुरा बिवरण आधुनिक प्रबिधिको प्रयोग गरी अभिलेख राख्नुपर्ने ।
५. नियमित भल्ट परिक्षणको व्यवस्था मिलाई नगदमा हुने सक्ने जोखिम न्युनिकरणमा ध्यान पु-याउनुहुन ।
६. कर्मचारीलाई क्षमता अभिबृद्धि तालिमको ब्यवस्था मिलाईने छ । साथै कर्मचारीहरुलाई आफ्नो संस्था र जिम्मेवारी प्रति अझ बढी उत्साही र उच्च मनोबलका साथ कार्यसम्पादन गर्न प्रेरित गर्नका लागि आवश्यक अनुभव र दक्षताको आधारमा पदस्थापन गरिनुपर्ने ।
७. यस अघि हामिले दिएका सुझावहरु तथा बाह्य लेखा परिक्षणले औंल्याएका कैफियतहरुलाइ सुधार तथा पुन नदोहोरिने गरि ब्यवस्था गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा यस संस्थाको लेखासुपरिवेक्षण समितिको तर्फबाट आफ्नो जिम्मेवारी क्षमता भएसम्म हामीले निर्वाह गर्न इमान्दारीपुर्वक प्रयत्न गरेका छौं । यहांहरुबाट प्राप्त सहयोग लाई हामीले सकेसम्म संस्थाको सहकारी अभियानसँग समाहित गर्ने नै छौ भन्ने प्रतिबद्धता जाहेर गर्दै आगामी दिनमा संस्थाले अरु अग्रगामी गति लियोस् भन्ने शुभेच्छा प्रकट गर्दै तथा लेखा सुपरीवेक्षण समितिका हैसियतले यो प्रतिवेदन पेश गर्ने अनुमति प्रदान गर्नु भएकोमा आयोजक प्रति आभार प्रकट गर्दै बिदा हुने अनुमति चाहान्छु ।

**धन्यवाद**

**जय सहकारी**

# ऋण उप-समिति संयोजकद्वारा प्रस्तुत प्रतिबेदन २०७९



**मुक्ति प्रसाद भट्टराई**
संयोजक ऋण उप-समिति

यस अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्थाको २४ औं वार्षिक साधारण सभाका अध्यक्ष ज्यू ,श्रद्धेय प्रमुख अतिथीज्यु, मञ्च आसिन आदरणीय अतिथि गण, संस्थालाई प्रदेश स्तरीय उत्कृष्ठ सहकारी संस्थाको रुपमा परिचित गराउन खटिनु भएका संचालक समितिका साथीहरु, सल्लाहकार ज्युहरु, लेखा सुपरिबेक्षण समितिका साथीहरु बिभिन्न उपसमितिका संयोजक एवं पदाधिकारी ज्युहरु, अग्रज, पूर्व सन्चालक समितिका अध्यक्ष तथा पदाधिकारी ज्यूहरु, यस गरिमामय साधारण सभामा उपस्थित हुनुभएका जिम्वेवार शेयर सदस्य ज्यूहरु, संचारकर्मी पत्रकार मित्रहरु, संस्थामा कार्यरत कर्मचारी साथीहरु, जिम्मेवारीको २४ औं वार्षिक साधारण सभा २०७९ को अबसरमा हार्दिक सहकारी अभिवादन ।

विश्व ब्यापीरुपा देखा परेको आर्थिक संकटको यो विसम परिथितिमा नेपाल पनि अछुतो रहन सक्दैन । यसैको असर स्वरुप अहिले वित्तिय क्षेत्रमा परेको तरलताको अभावले लगानीमा केहि हद सम्म कडाई गर्नु हाम्रो बाध्यता हो । वित्तिय वजारमा आएको हलचल संगै अप्रत्यासित रुपमा बचतमा  बढेको ब्याज दरले कर्जाको ब्याज दरमा प्रत्यक्ष प्रभाव पारेको छ । सोही कारण संस्थाले समयाअनुक ब्याज दर समायोजन गरेको कुरा यहाँहरु माफ्र्त जानकारी गराउन चाहान्छु ।

वार्षिक साधारण सभाले दिएको ऋण उपसमितिको जिम्मेवारी म आफू सहित हामी ४ जना साथीहरुले राम्रोसंग निर्वाह गरेका छौ । हाम्रा सम्पूर्ण सेवाकेन्द्रवाट ऋण माग फारम संकलन गरि सेवाकेन्द्रको कर्मचारीहरुले ऋण अनुसन्धान  तथा विश्लेषण  फारम (5C) अर्न्तगत क) ऋणको तिर्न सक्ने क्षमता विश्लेषण Capacity to pay, ख) चरित्र Character, ग) धित्तोको अवस्था Collater, घ) पूजीको स्थिति Capital Status, ङ) अवस्था Condition वारेमा विश्लेषण गरेर आएको नतिजा लाई आधार मानेर धित्तो मुल्याङ्कन  प्रतिवेदन उपर ऋण उपसमितिको बैठकमा छलफल गरी स्वीकृत भए पछि मात्र ऋण लगानीको प्रक्रिया अगाडि वढाईएको छ ।

**१. लगानी गरिएका ऋणको अवस्था :**
**२०७९ साल आषाढ सम्म लगानी मा रहिरहेको ऋणको अबस्था :**

क) यस आर्थिक बर्ष २०७८/०७९ आषाढ मसान्तमा जम्मा ४१९० जना शेयर सदस्यहरु बीच रु १०४२७४७३७१/– ऋण रहेको छ ।

ख) ऋणको शिर्षक अनुसार निम्न अनुसारले लगानीमा रहेको छ ।

| क.सं | ऋण शिर्षक (उद्देश्य अनुसार) | लगानीमा रहेको रकम | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि कर्जा | १५०,७५९,२८८.०० | १४.४६ |
| २ | ब्यापार,ब्यबसाय कर्जा | ३४४,६०४,०४०.०० | ३३.०५ |
| ३ | पशुपालन कर्जा | २७०,३६३,८८३.०० | २५.९३ |
| ४ | साना उद्योग कर्जा | १२८,२०४,२४२.०० | १२.२९ |
| ५ | हायरप्रचेज कर्जा | १४,९५०,४२२.०० | १.४३ |
| ६ | घर,जग्गा कर्जा | ५८,६४८,६५०.०० | ५.६२ |
| ७ | सामाजिक कर्जा | ५८२,८६१.०० | ०.०६ |
| ८ | बैदेशीक रोजगार कर्जा | ४,३९३,१८३.०० | ०.४२ |
| ९ | शैक्षिक कर्जा | १०,६८५,४८२.०० | १.०२ |
| १० | लघुउद्यम ब्यबसाय कर्जा | ५१,९८४,५५५.०० | ४.९९ |
| ११ | युवा स्वरोजगार कर्जा | ७,५७०,७६५.०० | ०.७३ |
| | **जम्मा** | १०४२७४७३७१.०० | |

२. पल्स सुचक अनुसार कुल सम्पतीमा ऋणको अनुपात ७०-८०% हुनुपर्ने भएकोले हामीले पनि ऋणको अनुपात यसै अनुपात भित्र रहेको छ । आषाढ मसान्त सम्मको कुल सम्पतीको अनुपातमा ७५.३३% रहेको छ ।

३. सहकारी नियमावली अनुसार एकै पटकमा समितिमको ४९% भन्दा कमले मात्र संस्थाको ऋण उपभोग गर्न पाउने ब्यबस्था रहेकोमा हाम्रो संस्थामा हाल सम्म संचालक समिति १५ जना मध्य ५ जनाले ऋण उपभोग गरी राखेको अबस्था छ जस्मा ३३.३३% देखीएको छ ।

४. भाखा नाघेको ऋणको अबस्था :

१ देखि १२ महिनासम्म भाखा नाघेको ऋण रु.१,२१,४२,७३३/- र १२ महिना भन्दा माथी भाखा नाघेको ऋण रकम रु.१,९८,७५,१९२/- गरी जम्मा भाखा नाघेको ऋण रकम रु. ३,२०,१७,९२५/- रहेको छ । यसरी कुलभाखा नाघेको ऋण ३.०७% रहेको छ ।

५. ऋण लगानीलाई सर्वशुलभ, छिटो छरितो बनाउनका लागि संस्थाको मुख्य कार्यालयमा ऋण बिभागको स्थापना गरी ऋण लगानी र असुलीको कामलाई निरन्तर अगाडी बढाइएको छ ।

- १ लाख भन्दा माथीको ऋण केन्द्रिय कार्यालयबाट Approve गर्ने व्यवस्था मिलाइएको छ ।
- बिना धितो ऋण रु ३,००,०००।- र धितो ऋण ५०००००।- सम्मको रकम शाखा प्रबन्धकको स्वीकृतीमा रु ५,००,०००।- देखी माथि रु २०,००,०००।-सम्मको रकम ऋण उपसमितिको स्वीकृतीमा र सो भन्दा

माथीको ऋणलाई ऋण उपसमितिको बैठकमा छलफल गरि संचालक समितिको बैठकलाई सिफारिस गर्ने र संचालक समितिको बैठकबाट स्वीकृती भएको रकम लगानी गर्ने निति कार्यान्वयन गरिएको छ ।

- कर्जा जोखिमलाई न्यूनिकरण गर्नकालागि धितोवन्धक पास गरी ऋण प्रवाह गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । साथै सदस्यहरुको सुविधालाई मध्यनजर गदै धितोवन्धक रोक्क गर्न संस्थाले मालमोत कार्यालयसंग सम्झौता गरि भू सेवा केन्द्र मार्फत सेवा प्रवाह गरेको छ ।
- ऋण लगानीलाई व्यवस्थित गर्नका लागि कर्जा लगानी पुर्व 5c बिश्लेषण गरी कर्जा प्रवाह गर्ने कार्यलाई कार्यान्वयनमा ल्याईएको छ। ऋणको प्रकार र उद्देश्य अनुरुप आवश्यक कागजपत्र पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । जसले गर्दा कर्जा लगानीमा जोखिम न्यूनिकरण भएको छ भने उत्पादनशिल क्षेत्रको लगानीको प्राथमिकताले ऋण सदुपयोगिता बढेको छ ।
- हप्तामा एक दिन मंगलबार ऋण-उपसमीतिको बैठक बस्ने र आबश्यक परेमा आवश्यकता अनुसार बैठक बस्न सक्ने गरी ब्यवस्था मिलाईएको छ ।
- २०७९ साल कार्तिक महिनाको १६ गतेसम्म ऋण उपसमितिको ४५ पटक बैठक बसी सदस्यहरुबाट माग गरिएको ऋण उपर छलफल गरी सो ऋणहरु स्वीकृत पश्चात मात्र सदस्यहरुलाई विभिन्न उद्देश्यमा ऋण प्रवाह गरिएको थियो । गत आर्थिक बर्षमा लगानीमा रहेको रकम रु ८९,०६,९३,३१५।- रहेकोमा यस बर्ष १५,२०,५४,०५७ ले बृद्धि भई यस आर्थिक बर्षमा रु.१,०४,२७,४७,३७१। पुगेको छ ।
- संस्थाले कर्जाको जोखिमलाई ध्यानमा राखी यस वर्ष पनि जोखिम कर्जा व्यवस्थालाई निरन्तरता दिईएको छ। यसको लागि सहकारी विभागले ल्याएको मापदण्डमा उल्लेख गरिएको व्यवस्था वमोजिमनै कर्जा वर्गिकरण गरि सोको व्यवस्था गरिएको व्यहोरा अवगत गराउन चाहन्छु । गत आर्थिक बर्षमा ऋण सुरक्षण कोष रु २८८५६३२४.०५ रहेकोमा यस बर्ष १९.०२% ले बृद्धि भई यस आर्थिक बर्षमा रु.३,४३,४६,१४५.९३ पुगेको अवगत गराउन चाहन्छौं जसले ऋणको जोखिमबाट आउने समस्यालाई संस्थाले समयमानै व्यवस्थापन गरेको छ ।

**अव म ऋण उपसमितिमा परेका समस्या ऋण लगानीलाई व्यवस्थित गर्न आबश्यक पर्ने वुदाँहरु उपर उल्लेख गर्न चाहन्छु ।**

१. ऋणको भाखा नघाउनु भनेको ऋणको जोखिम बढ्नु हो त्यसैले सदस्यहरुलाई ऋण लगानी गर्दा जोखिमको न्यूनिकरण गर्न जोखिम विश्लेष वोर्डको ब्यवस्था गर्नुपर्ने देखिन्छ ।

२. लामो समय सम्म ऋण असुली नभएका र संस्थाको सम्पर्कमा पनि नरहेका ऋणीहरुको धित्तो लिलामी प्रक्रियामा जानुपर्ने देखिन्छ ।

३. सहकारी संस्थामा विषेश गरि निम्न तथा मध्यम वार्गिय समुदायको पहूच हुनेहुदा ठूला ऋण भन्दा पनि साना तथा मझौला ऋणको संख्या बढाउनु पर्ने देखिन्छ । जसवाट जोखिम तथा भाखा नाघेको ऋण कम गर्न सकिन्छ ।

४. ऋणको व्याजदर समय सापेक्ष परिवर्तन गर्नुपर्ने देखिन्छ। वास्तविक ब्यवसायिक पहिचाहान गरि कृषिजन्य व्यवसायिक ऋणलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ ।

५. ऋणको जोखिमलाई मध्यनजर गर्दै ऋण विभागवाट सेवाकेन्द्रहरुको अनुगमन तथा सेवाकेन्द्रवाट ऋणीले ऋणको सदुपयोगिता गरेको छ वा छैन अनुगमन गर्ने ब्यबस्था मिलाउनु पर्ने आबश्यक छ ।

अन्तमा सम्पुर्ण शेयर सदस्य, विभिन्न उपसमितिका पदाधिकारीहरुबाट सकारात्मक सल्लाह सुझावको अपेक्षा राख्दै संस्थाको जुनसुकै पदमा रहदासम्म ऋण व्यवस्थापनमा प्राथमिकताका साथ लाग्ने दृढता व्यक्त गर्दछौ । हामीलाई सहयोग गर्नुहुने कार्य समिति, विभिन्न उपसमितिका साथीहरु, शेयर धनी महानुभावहरु, अन्य व्यक्तित्वहरु र कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छौं ।

जय सहकारी

| संयोजक | सदस्य | सदस्य | सदस्य |
|---|---|---|---|
| मुक्ति प्रसाद भट्टराई | जनकराज ढकाल | गौतम बहादुर सुनार | दुर्गाप्रसाद पोखरेल |

भाग-३

**N. B. S. M. & Associates**
Chartered Accountants
6th Floor, Block C & D, Four Square Complex
Narayan Chaur, Naxal, Kathmandu, Nepal

T +977.1.4433069
T +977.1.4415242
info@nbsm.com.np
www.nbsm.com.np

# स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड
शेयर सदस्य महानुभावहरु समक्ष,

वितिय विवरण उपर प्रतिवेदन

**लेखापरिक्षणको राय**

हामीले **श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, रामपुर, पाल्पाको यसै साथ संलग्न वितिय विवरणको लेखापरिक्षण गरेका छौं । जसमा २०७९ आषाढ ३२ गतेको वासलात र सोही मितिमा समाप्त वर्षको आय विवरण, स्वामित्य अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण, महत्वपुर्ण लेखाङ्कन नितिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरु समावेश रहेको छ ।

*तल Disclaimer रायको आधारहरुका अनुच्छेदहरुमा उल्लेख भए बमोजिमको वस्तु स्थितिको महत्वका आधारमा, तथा पहिलो पटक नेपाल वित्तीय रिपोर्टिङ मान (NFRS) प्रयोगमा ल्याउंदा वित्तीय विवरणको पुर्नलेखन, प्रस्तुतीकरण र खुलासाहरुमा पर्न सक्ने सम्प्टीगत प्रभावको लागि पर्याप्त र उपयुक्त सबुद, प्रमाणहरु प्राप्त गर्न सकिएन तथा अन्य अनुच्छेदहरुले पनि वित्तिय विवरणमा सारभुत असर पार्न सक्छ । तसर्थ, यस कम्पनीको वित्तीय विवरणहरु नेपाल वित्तीय रिपोर्टिङ मान (NFRS) को आधारमा तयार नगरिएकोले, तथा अन्य अनुच्छेदहरुले असर पार्न सक्ने हुनाले सो उपर राय व्यक्त गरिएको छैन ।*

**रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ति लेखापरीक्षणमान अनुसारको हाम्रो जिम्मेवारी थप वर्णन गरीएको छ । हामीले नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचार संहीता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागी सांदर्भीक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहीताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

Public Accountability को परिभाषा अन्तरगतका संस्थाहरुका लागि लागु भएको वित्तीय रिर्पोटिङको ढाँचा प्रचलित लेखा सम्बन्धी सर्वमान्य सिद्धान्तको आधारबाट नेपाल वित्तिय रिर्पोटिङ मान (NFRS) अर्न्तगत रही तयार गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०७३/०७४ बाट लागु भैसकेको छ । परिवर्तित वित्तीय रिर्पोटिङको ढाँचा तयार गरी लागु गर्न (NFRS) अनुसारको वित्तीय विवरणहरु श्रावण १, २०७३ को सुरुवातमा तयार हुनुपर्छ र सोही बमोजिम तीन वर्षको वित्तिय स्थितीको विवरण (Statement Of Financial Position), दुई वर्षको विस्तृत आय विवरण (Statement Of Comprehensive Income), दुई वर्षको आय विवरण (प्रस्तुत गरिने भए), दुई वर्षको नगद प्रवाहको विवरण, दुई वर्षको इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement Of Change In Equity) र सो संग सम्बन्धित टिप्पणीहरु लगायत तुलनात्मक सुचनाहरु समेत तयार हुनुपर्दछ । यस्तो व्यवस्था भएतापनि अहिलेको सुरुवाती अवस्थामा वित्तीय विवरणहरु सो अनुसार तयार गरिएको छैन । नेपाल वित्तीय रिर्पोटिङ मान १ (NFRS-1) मा आधारित रही नयाँ लेखा सम्बन्धी नीतिहरु तयार गरी वित्तीय सुचनाहरुको पहिचान, पुर्नलेखन, प्रस्तुतीकरण र खुलासाहरु दिनुपर्ने हुन्छ ।

यसरी नेपाल वित्तीय रिर्पोटिङ मान (NFRS) बमोजिम वित्तीय सुचनाको पुर्नलेखन, प्रस्तुतीकरण र खुलासाहरु नगरिंदा यिनिहरुको वित्तीय विवरणमा पर्ने समष्टीगत प्रभाव अनिश्चित रहेको छ, जुन Material तथा Pervasive पनि हुन सक्छ ।

श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लेखा निति मान्यताको प्रावधानको कुराहरु यसै साथ संलग्न अनुसूचि १६ मा समावेश गरिएको छ ।

N.B.S.M. & Associates Kathmandu Nepal Chartered Accountants

**वित्तीय विवरणहरुका लागि व्यवस्थापन तथा शासकीय भूमिकामा रहेकाको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिबेदनमान अनुरुप वित्तीय विवरण तयार गर्ने तथा उचित प्रस्तुती गर्ने जिम्मेबारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरण तयारी र प्रस्तुतीकरणसंग सम्बधित आन्तरकि नियन्त्रणको खाका तयार गर्ने, कार्यन्वयन गर्ने, तथा कायम राख्ने कार्यहरु पर्दछन । जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आकडासहित छैनन भन्ने कुरामा बिश्वस्त हुने, उपयुक्त लेखानीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आबश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन ।

निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकीय मूल्याकन र निकायलाई खारेज (Liquidate) गर्ने मनसाय नभएसम्म सामान्यतया वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामा नै तयार गर्ने र सो को उपयूक्त खुलासा गर्ने कार्यको जिम्मेबारी व्यवस्थापनमा रहेको छ । शासकीय भूमिकामा रहेकाहरुको जिम्मेबारी निकायको वित्तीय प्रतिबेदन प्रक्रियाको रेखदेख गर्ने रहेको छ ।

**वित्तीय लेखापरीक्षणका लागि लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उत्तरदायित्व समष्टिगतरुपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारबान गलत आाकडायुक्त नभएको आस्बस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो । मनासिव माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो तर नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा सारवान गलत आाकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुती गर्दैन । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगतकारणले त्यस्ता वित्तीय बिबरणको आधारमा लिने आर्थिक निर्णयहरुमा असर गर्दछ भने सारबान ठहरिन्छ ।

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन**

सहकारी ऐन २०७४ बमोजिम देहाएका ब्यहोरा प्रतिवेदन गर्दछौ ।
क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आबश्यक सूचनाहरु र स्पष्टिकरण प्राप्त गर्यो ।
ख. माथि रायको अधारमा उल्लेखित कैफियत बाहेक सहकारी ऐन २०७४ बमोजिम संस्थाले आफनो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको छ ।
ग. माथि रायको अधारमा उल्लेखित कैफियत बाहेक यसै प्रतिबेदनको माथि बुदामा उल्लेख भएको सलंग्न बासलात, नाफा नोक्सानीको हिसाव र नगद प्रबाह विवरण प्रचलित कानून बमोजिम निर्धारण गरिएको लेखामान अनुरुप तयार भएको छ । त्यस्ता बिबरणहरु संस्थाले राखेको लेखासंग दुरुस्त रहेको छ ।
घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराईएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, हाम्रो रायमा प्रस्तुत वासलातले संस्थाको आर्थिक अवस्थाको तथा सोही मितिमा समाप्त भएको बर्षको नाफा नोक्सानी हिसाब र नगद प्रवाह विवरणले क्रमश: संस्थाको नाफा नोक्सान र नगद प्रवाहको समुचित चित्रण गर्दछ ।
ङ. सञ्चालक समिति वा प्रतिनिधी वा कुनै कर्मचारीले कानून बिरुद्ध काम काज गरेको वा संस्थाको सम्पति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरेको ब्यहोरा हाम्रो जानकारीमा आएन ।
च. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको ब्यहोरा हाम्रो जानकारीमा आएन ।
छ. लेखापरीक्षणको दौरानमा हाम्रो जानकारीमा आएका आन्तरिक नियन्त्रण प्रणालीमा देहिएका कमि कमजोरीहरु सुधारका ब्यहोरा समेटिएको व्यवस्थापत्र छुट्टै जारी गरिएको छ ।

सिए. निल ब. सारु मगर
पार्टनर

एन. वि. एस. एम. एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्टस
मिति : २०७९/०६/२५
स्थान : काठमाण्डौ
UDIN No: 221019CA00432E2FQT

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## रामपुर, पाल्पा
### २०७९ साल आषाढ ३२ गतेको
### वासलात

| क.स. | पूंजी तथा दायित्व | अनुसूचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|---|
| १ | पूंजी र जगेडा कोष | | | |
| क) | शेयर पूंजी | १ | १३८,४६४,८००.०० | १२७,३४८,५००.०० |
| ख) | जगेडा कोष तथा संचित नाफा | २ | १३५,०५९,२७१.६६ | ११४,५९८,२१७.९५ |
| २ | निक्षेप | | | |
| क) | निक्षेप हिसाब | ३ | ९८१,४३८,२६२.८७ | ९३३,०९९,२६१.२८ |
| ३ | ऋण तथा दायित्व | | | |
| क) | चालु दायित्व र व्यवस्था | ४ | ३२,९५२,७४३.७० | २९,१८२,४३८.७६ |
| ख) | ऋण तथा सापटी | ५ | – | – |
| | कुल जम्मा | | १,२८७,९१५,०७८.२३ | १,२०४,२२८,४१७.९९ |
| १ | सम्पत्ति | | | |
| क) | स्थिर सम्पत्ति | ६ | ११,८२८,९९१.२० | १२,७८९,६६०.३४ |
| ख) | लगानी | ७ | १,०७२,२००.०० | १,०४७,२००.०० |
| ग) | कर्जा लगानी | ८ | १,००८,४०१,२२५.०७ | ८६१,८३६,९९०.०८ |
| २ | चालु सम्पत्ति | | | |
| क) | नगद तथा बैंक मौज्दात | ९ | २५९,३२०,२६४.४२ | ३२३,५१२,५९१.९४ |
| ख) | अग्रिम भुक्तानी रकम, धरौटी, पेश्की | १० | ७,२९२,३९७.५४ | ५,०४१,९७५.६३ |
| | कुल जम्मा | | १,२८७,९१५,०७८.२३ | १,२०४,२२८,४१७.९९ |

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणी १६

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सागर प्रसाद देवकोटा
अध्यक्ष

विष्णु प्रसाद लम्साल
लेखा संयोजक

सिए. निल ब. सारु मगर, एफसिए
पार्टनर

ओम प्रकास बस्याल
सचिव

चिरेन्द्र प्रसाद पौडेल
व्यवस्थापक

एन. वि. एस. एम. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति :२०७९/०६/२५
स्थान : काठमाण्डौं

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## रामपुर, पाल्पा

### २०७८ साल श्रावण १ गते देखि २०७९ साल असार मसान्तसम्मको

### आय र व्याय विवरण

| विवरण | अनुसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| **आम्दानी** | | | |
| व्याज आम्दानी | ११ | १४५,३४३,४७०.८५ | १२२,४८२,५६३.६९ |
| अन्य आम्दानी | १२ | १२,९९३,९०४.६६ | ८,६७९,६८५.१७ |
| **कुल जम्मा** | | **१५८,३३७,३७५.५१** | **१३१,१६२,२४८.८६** |
| **खर्च** | | | |
| बचतमा व्याज खर्च | १३ | ७७,३०२,२९४.९१ | ६६,५०८,१०८.२४ |
| ऋणमा व्याज खर्च | १४ | - | १२५,४९७.८९ |
| कर्मचारी तथा प्रशासनिक खर्च | १५ | २६,७६६,०३८.७० | १८,८४३,७४९.७२ |
| ह्रास कट्टी | ६ | १,६४२,४८८.८२ | १,७९१,३२७.२० |
| कर्जा नोक्सानी व्यवस्थामा थप | | ५,४८९,८२१.०१ | ३,१५७,३८३.१७ |
| **कुल जम्मा** | | **१११,२००,६४३.४४** | **९०,४२६,०६६.२२** |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | | **४७,१३६,७३२.०७** | **४०,७३६,१८२.६४** |
| आयकर व्यवस्था | | २,४६७,९७९.३८ | २,१०५,१४१.३८ |
| **नाफा नोक्सान बाँडफाँड हिसावमा सारेको** | | **४४,६६८,७५२.६९** | **३८,६३१,०४१.२६** |

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणी १६

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सागर प्रसाद देवकोटा
अध्यक्ष

विष्णु प्रसाद लम्साल
लेखा संयोजक

सिए. निल ब. सारु मगर, एफसिए
पार्टनर

ओम प्रकास बस्याल
सचिव

दिपेन्द्र प्रसाद पोडेल
व्यवस्थापक

एन. वि. एस. एम. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति :२०७९/०६/२५
स्थान : काठमाण्डौं

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**रामपुर, पाल्पा**

२०७८ साल श्रावण १ गते देखि २०७९ साल असार मसान्तसम्मको

**नगद प्रवाह विवरण**

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **क) कारोवार संचालनबाट नगद प्रवाह** | | |
| खुद नाफा | ४४,६६८,७५२.६९ | ३८,६३१,०४१.२६ |
| ह्रास कट्टी | १,६४२,४८८.८२ | १,७९१,३२७.२० |
| आयकर व्यवस्था | २,४६७,९७९.३८ | २,१०५,१४१.३८ |
| लाभांशबाट आम्दानी | (९०,६६०.००) | (६०,९३६.००) |
| **जम्मा** | **४८,६८८,५६०.८९** | **४२,४६६,५७३.८४** |
| कर्जा तथा सापटिमा वृद्धि | (१४६,५६४,२३४.९९) | (१७९,१८०,६८३.४३) |
| अन्य सम्पत्तिमा वृद्धि | १६७,८३४.४१ | १,४५५,३७१.८३ |
| निक्षेपमा वृद्धि | ४८,३३९,००१.५९ | १९९,२६१,५४४.१२ |
| अन्य दायित्वमा वृद्धि | ३,४०७,४६६.९३ | (४२९,२१०.०९) |
| आयकर भुक्तानी | (४,५२३,३९७.६९) | (३,४८६,६५७.५४) |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **(५०,४८४,७६८.८६)** | **६०,०८६,९३८.७३** |
| **ख) लगानी कारोवार बाट नगद प्रवाह** | | |
| लगानीमा वृद्धि | (२५,०००.००) | (५१८,४००.००) |
| स्थीर सम्पत्तिमा वृद्धि (बिकी) | (६८१,८१९.६८) | (१,१०८,३६८.८८) |
| लाभांशबाट आम्दानी | ९०,६६०.०० | ६०,९३६.०० |
| **लगानी कारोवार बाट नगद प्रवाह (ख)** | **(६१६,१५९.६८)** | **(१,५६५,८३२.८८)** |
| **ग) वित्तिय श्रोत कारोवारबाट नगद प्रवाह** | | |
| जगेडा कोषबाट नगद वितरण | (१०,९१७,७३५.३२) | (२,७६०,८२९.३७) |
| शेयर पुंजीमा वृद्धि | ११,११६,३००.०० | २६,७९८,४००.०० |
| लाभांशबाट भुक्तानि | (१३,२८९,९६३.६६) | (९,८१४,९९१.९३) |
| तिर्न वांकी कर्जा सापटमा वृद्धि | - | (११,७४३,३२०.००) |
| **वित्तिय श्रोत कारोवारबाट नगद प्रवाह (ग)** | **(१३,०९१,३९८.९९)** | **२,४७९,२५८.७०** |
| **यस आ. व. को खुद नगद प्रवाह ( क ं ख ं ग )** | **(६४,१९२,३२७.५२)** | **६१,०००,३६४.५६** |
| यस आ.व.को शुरुमा नगद तथा बैंक मौज्दात | ३२३,५१२,५९१.९४ | २६२,५१२,२२७.३८ |
| **यस आ.व.को अन्तिममा नगद तथा बैंकमौज्दात** | **२५९,३२०,२६४.४२** | **३२३,५१२,५९१.९४** |

प्रमुख लेखा नीति तथा लेखा सम्वन्धि टिप्पणी १६

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सागर प्रसाद देवकोटा
अध्यक्ष

विष्णु प्रसाद लम्साल
लेखा संयोजक

सिए. निल ब. सारु मगर, एफसिए
पार्टनर

ओम प्रकास बस्याल
सचिव

दिपेन्द्र प्रसाद पौडेल
व्यवस्थापक

एन. वि. एस. एम. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति :२०७९/०६/२५
स्थान : काठमाण्डौ

### श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड
रामपुर, पाल्पा
इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण
२०७९ साल आषाढ मसान्त सम्मको

| विवरण | शेयर पूँजी | सञ्चित ना.नो. | जगेडा कोष | शेयर लाभांश कोष | संरक्षित कोष | कर्मचारी बोनस कोष | सदस्य शिक्षा कोष | घाटा पुर्ति कोष |
|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | १२७,३४८,५००.०० | - | ७१,८७५,४६९.५३ | १३,२८९,९६३.६६ | ७,७५१,६८०.८५ | २,३२७,९६२.९७ | १,२४८,७०८.२५ | ७,०७३,३०४.०४ |
| स्थगन कर | - | - | - | - | - | - | - | - |
| समायोजित शुरु मौज्दात | १२७,३४८,५०० | - | ७१,८७५,४७० | १३,२८९,९६४ | ७,७५१,६८१ | २,३२७,९६३ | १,२४८,७०८ | ७,०७३,३०४ |
| समायोजन (ह्रासकट्टी वापत) | - | - | - | - | - | - | - | - |
| यस वर्षमा भएको थप | ११,११६,३००.०० | - | - | - | - | - | - | - |
| यस वर्षको कोषको उपयोग | - | - | २१,०५९.०० | (१३,२८९,९६३.६६) | (७,७३६,५२७.३४) | (२,१५०,९७८.००) | (८४,१४२.००) | - |
| कोषबाट कोषमा सरेको | | | ३,०२१,३६६.६५ | 0.00 | (१५,१५३.५१) | (१७६,९८४.९७) | (१,१६४,५६६.२५) | |
| यस वर्षको मूनाफा | | ४४,६६८,७५२.६९ | - | - | - | - | - | - |
| यस वर्षको नाफाबाट कोषमा सारिएको | - | (४४,६६८,७५२.६९) | ११,१६७,१८८.१७ | १४,९७५,१९९.३४ | ८,३७५,३९१.१३ | २,४९५,८६६.५६ | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ |
| अन्तिम मौज्दात | १३८,४६४,८००.०० | - | ८६,०८५,०८३.३५ | १४,९७५,१९९.३४ | ८,३७५,३९१.१३ | २,४९५,८६६.५६ | १,२४७,९३३.२८ | ८,३२१,२३७.३२ |

| विवरण | संस्था विकास कोष | दुबन्ते कोष | सहकारी प्रवर्धन कोष | स्थिरीकरण कोष | सामुदायिक विकास कोष | सहुलियत कर्जा लगानी कोष | अन्य जोखिम व्यवस्थापन कोष | कुल रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | १६९,४५३.५४ | ६,३०६,१८१.६३ | १७०,६९३.२० | १,१४७०३६.१५ | १,०७९,२५४.७२ | १,०७९,२५४.७२ | १,०७९,२५४.७२ | २४१,९४६,७१७.९५ |
| स्थगन कर | - | - | - | | - | | | - |
| समायोजित शुरु मौज्दात | १६९,४५४ | ६,३०६,१८२ | १७०,६९३ | १,१४७,०३६ | १,०७९,२५५ | १,०७९,२५५ | १,०७९,२५५ | २४१,९४६,७१७.९५ |
| समायोजन (ह्रासकट्टी वापत) | - | - | - | - | - | - | - | - |
| यस वर्षमा भएको थप | - | - | - | - | - | - | - | ११,११६,३००.०० |
| यस वर्षको कोषको उपयोग | (३,६००.००) | - | (१७०,६९३.००) | (२१५,८५१.००) | (५११,६३१.४८) | - | (६५,३७१.५०) | (२४,२०७,६९८.९८) |
| कोषबाट कोषमा सरेको | (१६५,८५३.५४) | | | (९,३१,१८५.१५) | (५६७,६२३.२४) | - | - | - |
| यस वर्षको मूनाफा | - | - | - | - | - | - | - | ४४,६६८,७५२.६९ |
| यस वर्षको नाफाबाट कोषमा सारिएको | - | - | १६७,५०७.८२ | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ | 0.00 |
| अन्तिम मौज्दात | - | ६,३०६,१८१.६३ | १६७,५०८.०२ | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ | २,३२७,१८७.९९ | २,२६१,८१६.४९ | २७३,५२४,०७१.६६ |

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणी

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सागर प्रसाद देवकोटा
अध्यक्ष

विष्णु प्रसाद लम्साल
लेखा संयोजक

सिए. निल ब. सारु मगर, एफसिए
पार्टनर

ओम प्रकास बस्याल
सचिव

दिपेन्द्र प्रसाद पौडेल
व्यवस्थापक

एन. वि. एस. एम. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति :२०७९/०६/२५
स्थान : काठमाण्डौ

श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड
रामपुर - पाल्पा
आ. व. ०७८/०७९ सालमा विभिन्न कोषहरुमा भएको खर्च विवरण र बाँकी हिसाब विवरण

अनुसुची २

| सि.न. | विवरण | दर | शुरु मौज्दात | ०७८/०७९ को समायोजन | ०७८/०७९ बाँकी | जगेडा कोषमा सारीएको | ०७८/०७९ मा बाँडफाड | जम्मा बाँकी कोष हालसम्म |
|---|---|---|---|---|---|---|---|---|
| १ | जगेडा कोष २५% | २५% | ७१,८७५,४६९.५३ | २१,०५९.०० | ७१,८९६,५२८.५३ | १०,३४१,४३१.६९ | ११,१६७,१८८.१७ | ९३,४०५,१४८.३९ |
| २ | संरक्षित पूजि कोष | २५% | ७,७५१,६८०.८५ | (७,७३६,५२७.३४) | १५,१५३.५१ | (१५,१५३.५१) | ८,३७५,३९१.१३ | ८,३७५,३९१.१३ |
| ३ | सहकारी प्रवर्धन कोष | ०.५०% | १७०,६९३.२० | (१७०,६९३.००) | ०.२० | (०.२०) | १६७,५०७.८२ | १६७,५०७.८२ |
| | अन्य कोष | | | | | | | |
| १ | शेयर लाभांश कोष | ६०% | १३,२८९,९६३.६६ | (१३,२८९,९६३.६६) | (०.००) | ०.०० | १४,९७५,१९९.३४ | १४,९७५,१९९.३४ |
| २ | कर्मचारी बोनस कोष | १०% | २,३२७,९६२.९७ | (२,१५०,९७८.००) | १७६,९८४.९७ | (१७६,९८४.९७) | २,४९५,८६६.५६ | २,४९५,८६६.५६ |
| ३ | सदस्य शिक्षा कोष | ५% | १,२४८,७०८.२५ | (८४,१४२.००) | १,१६४,५६६.२५ | (१,१६४,५६६.२५) | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ |
| ४ | घाटा पुर्ति कोष | ५% | ७,०७३,३०४.०४ | - | ७,०७३,३०४.०४ | - | १,२४७,९३३.२८ | ८,३२१,२३७.३२ |
| ५ | संस्था विकास कोष | ०% | १६९,४५३.५४ | (३,६००.००) | १६५,८५३.५४ | (१६५,८५३.५४) | - | - |
| ६ | डुवन्ते ऋण कोष | ०% | ६,३०६,१८१.६३ | - | ६,३०६,१८१.६३ | (६,३०६,१८१.६३) | - | - |
| ७ | सामुदायिक बिकास कोष | ५% | १,०७९,२५४.७२ | (५११,६३१.४८) | ५६७,६२३.२४ | (५६७,६२३.२४) | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ |
| ८ | स्थिरीकरण कोष | ५% | १,१४७,०३६.१५ | (२१५,८५१.००) | ९३१,१८५.१५ | (९३१,१८५.१५) | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ |
| ९ | सहुलियत कर्जा लगानी कोष | ५% | १,०७९,२५४.७२ | - | १,०७९,२५४.७२ | - | १,२४७,९३३.२८ | २,३२७,१८७.९९ |
| १० | अन्य जोखिम व्यवस्थापन कोष | ५% | १,०७९,२५४.७२ | (६५,३७१.५०) | १,०१३,८८३.२२ | (१,०१३,८८३.२२) | १,२४७,९३३.२८ | १,२४७,९३३.२८ |
| जम्मा | | | ११४,५९८,२१७.९५ | (२४,२०७,६९८.९८) | ९०,३९०,५१८.९७ | - | ४४,६६८,७५२.६९ | १३५,०५९,२७१.६६ |

N.B.S.M. & Associates Kathmandu Nepal Chartered Accountants

अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. रामपुर नगरपालिका वडा नं ७, पाल्पा स्था २०५६

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## रामपुर, पाल्पा
### २०७९ साल आषाढ ३२ गतेको

**शेयर पूंजी** **अनुसुचि १**

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **चक्ता पूंजी** | | |
| प्रति शेयर रु १०० का दरले १३,८४,६४८ (गत वर्ष १२,७३,४८५ थानको) | १३८,४६४,८००.०० | १२७,३४८,५००.०० |
| **जम्मा** | १३८,४६४,८००.०० | १२७,३४८,५००.०० |

**जगेडा कोष तथा संचित नाफा** **अनुसुचि २**

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| जगेडा कोष २५% | ९३,४०५,१४८.३९ | ७१,८७५,४६९.५३ |
| संरक्षित पूजि कोष | ८,३७५,३९१.१३ | ७,७५१,६८०.८५ |
| सहकारी प्रवर्धन कोष | १६७,५०७.८२ | १७०,६९३.२० |
| **अन्य कोष** | | |
| शेयर लाभांश कोष | १४,९७५,१९९.३४ | १३,२८९,९६३.६६ |
| कर्मचारी बोनस कोष | २,४९५,८६६.५६ | २,३२७,९६२.९७ |
| सदस्य शिक्षा कोष | १,२४७,९३३.२८ | १,२४८,७०८.२५ |
| घाटा पुर्ति कोष | ८,३२१,२३७.३२ | ७,०७३,३०४.०४ |
| संस्था विकास कोष | - | १६९,४५३.५४ |
| डुवन्ते ऋण कोष | - | ६,३०६,१८१.६३ |
| सामुदायिक बिकास कोष | १,२४७,९३३.२८ | १,०७९,२५४.७२ |
| स्थरीकरण कोष | १,२४७,९३३.२८ | १,१४७,०३६.१५ |
| सहुलियत कर्जा लगानी कोष | २,३२७,१८७.९९ | १,०७९,२५४.७२ |
| अन्य जोखिम व्यवस्थापन कोष | १,२४७,९३३.२८ | १,०७९,२५४.७२ |
| **जम्मा** | १३५,०५९,२७१.६६ | ११४,५९८,२१७.९५ |

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## रामपुर, पाल्पा

### २०७९ साल आषाढ ३२ गतेको

**निक्षेप हिसाब** **अनुसुचि ३**

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| रेमिटान्स बचत | १,४०८,६३३.०० | ६,४७५,१७१.०० |
| नियमित बचत | १२६,०३५,७२९.०४ | ११९,३९५,७९४.४७ |
| समुह बचत | २३,२११,४०१.०० | २०,९६८,९९०.०० |
| दैनिक बचत | १७,५०७,४९१.९३ | १७,१३९,७६१.९३ |
| शिक्षा, विवाह, पेन्सन,ब. | ७९,६१६,२५३.०० | ७१,४०१,६७१.०० |
| बाल बचत | २०,६५५,८९४.०० | २६,२९६,६४४.०० |
| पर्व बचत | ८,९६३,६९६.०० | ८,१४८,९४४.०० |
| ऐच्छिक बचत | १५९,४५७,६५७.०८ | १९९,३२८,७६६.३४ |
| उपकार बचत | ६६९,४८२.०० | ५७४,९२६.०० |
| मुद्धती बचत | ३५३,९५०,०१९.०० | २६९,३०१,७९८.०० |
| व्यक्तिगत बचत | ६१,८९६,३६०.०० | ७३,१४१,५२९.०० |
| पेन्सन नोमीनी बचत | ५५,९२६,८७८.०० | ४४,०२५,५३७.०० |
| संचयकोष बचत | १४,३४९,३४१.०० | १०,६७१,६४३.०० |
| मुद्धती नोमीनी बचत | २३,५०४,८४६.०० | ३१,११८,४७५.०० |
| कारोबार बचत | ९,९९८,५४८.०० | १३,५१४,७७३.०० |
| खुत्रुके बचत | ३९,८३७.०० | ३९,६३१.०० |
| बिशेष बचत | ४,२०८,५७६.०० | ११,९७१,२३६.०० |
| आवधिक नोमीनी बचत | २५२,४४३.०० | ५९६,२९५.०० |
| सस्थागत बचत | ६,५२९,२९३.५० | ४,४४५,१७८.५० |
| नियमित बचत एम.एफ. | ६६,५०६.०० | ७,९०५.०० |
| नारी बचत | २,१४३,९९२.३२ | ४,५३४,५९२.०४ |
| शेयर लाभांस बचत | ११,०४५,३८६.०० | - |
| **जम्मा** | **९८१,४३८,२६२.८७** | **९३३,०९९,२६१.२८** |

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## रामपुर, पाल्पा

### २०७९ साल आषाढ ३२ गतेको

**चालु दायित्व र व्यवस्था** **अनुसुचि ४**

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **व्यवस्थाहरु** | | |
| आयकर व्यवस्था | २,४६७,९७९.३८ | २,१०५,१४१.३८ |
| विरामी विदा व्यवस्था | २,६६०,६३७.०० | १,८३४,२४२.०० |
| कर्मचारी उपदान कोष व्यवस्था | ४,७०८,६४७.१४ | ३,६३२,०८०.२७ |
| जिवन तथा आवास सुरक्षा योजना व्यवस्था | ६,१३५,९७८.९३ | ५,१०८,३९४.९१ |
| **अन्य दायित्व** | | |
| लेखा परिक्षण शुल्क | २२३,०००.०० | १११,५००.०० |
| युवा स्वरोजगार कोष | १८,२००.०० | १८,२००.०० |
| शिक्षा पेन्सन बचतको व्यवस्था | ७,२७१,९६६.०० | ७,२४३,६१७.०० |
| सोलर व्यवस्थापन कोष | २५,४४०.०० | २५,४४०.०० |
| सदस्य विकास कोष | १,३६६,७१८.६४ | १,८२४,४८०.६४ |
| पेन्सन कोष व्यवस्था | ५,१०९,८००.०० | ४,६७२,३००.०० |
| पेन्सन भुक्तानी व्यवस्था | ७३७,६३५.८० | ८४९,६८६.८० |
| आवधिक बचत व्याज | १४,६१७.२५ | ३९९.९४ |
| अन्य | १९६,३१०.९० | १८०,०१६.०० |
| धितोमुल्याकन कर्ता | ४०५,०००.०० | ३०५,०००.०० |
| सिर्नजी टेक सफ्टवयर(मोवाई रिचार्ड) | १४,५१०.७७ | १४,३१९.७९ |
| **टि.डि.एस** | | |
| टि.डि.एस. (व्याज कर) | १,१५१,८७५.०० | ९३७,३०२.८० |
| टि.डि.एस. (लेखा परिक्षण) | ३,०००.०० | १,५००.०० |
| टि.डि.एस. (सामाजिक सुरक्षा कर) | १५,३३१.८० | १३,७७९.२० |
| टि.डि.एस. (पारिश्रमिक कर) | २३८,८४७.६७ | ३३,००९.८० |
| टि.डि.एस. (घरभाडा कर) | ८,७५१.०० | १४,८५६.०० |
| टि.डि.एस. (बिल कर) | १०,७१९.३१ | १४,७९५.३४ |
| टि.डि.एस. (संचालक समिती भत्ता कर) | - | १८,२१०.०० |
| टि.डि.एस. (बैठक भत्ता कर) | १४,२५०.०० | - |
| टि.डि.एस. (पट्टा कर) | - | २,७९४.०० |
| टि.डि.एस. (अन्य कर) | ११४,७५२.१० | ११९,७७८.९० |
| टि.डि.एस. (शेयर बोनस कर) | - | ९४.०० |
| टि.डि.एस. (पेन्सन भुक्तानी कर) | ३७,२७५.०० | ७२,४५०.०० |
| टि.डि.एस. (जि.आ.सु.कर) | १,५००.०० | २९,०५०.०० |
| **जम्मा** | **३२,९५२,७४३.७०** | **२९,१८२,४३८.७६** |

## श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### रामपुर, पाल्पा
२०७९ साल आषाढ ३२ गतेको

**ऋण तथा सापटि** — अनुसुचि ५

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| आर.एम.डि.सि. | - | - |
| युवा स्वरोजगार कोष | - | - |
| **जम्मा** | - | - |

**लगानी** — अनुसुचि ७

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| नेपाल बचत तथा ऋण के. स. सं लि. | १,०२०,२००.०० | १,०२०,२००.०० |
| बचत तथा ऋण सहकारी संघ लिमिटेड | १२,०००.०० | १२,०००.०० |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | १०,०००.०० | १०,०००.०० |
| जिल्ला सहकारी संघ | ५,०००.०० | ५,०००.०० |
| प्रदेश बचत तथा ऋण के. स. सं लि. | २५,०००.०० | - |
| **जम्मा** | **१,०७२,२००.००** | **१,०४७,२००.००** |

**कर्जा** — अनुसुचि ८

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| कृषि कर्जा | १५०,७५९,२८८.०० | १४१,१९८,६२६.५२ |
| व्यापार, व्यवसाय कर्जा | ३४४,६०४,०४०.०० | ३४८,०२२,८२२.०० |
| पशुपालन कर्जा | २७०,३६३,८८३.०० | १३५,६६१,४२५.४८ |
| साना उद्योग कर्जा | १२८,२०४,२४२.०० | ११५,९०६,७९७.०० |
| हायरप्रचेज कर्जा | १४,९५०,४२२.०० | १२,७९४,९२०.०० |
| घर, जग्गा कर्जा | ५८,६४८,६५०.०० | ३४,८७०,०७५.०० |
| सामाजिक कर्जा | ५८२,८६१.०० | २७,१३५,११५.०० |
| बैदेशिक रोजगार कर्जा | ४,३९३,१८३.०० | १५,७८८,१२३.०० |
| शैक्षिक कर्जा | १०,६८५,४८२.०० | ४८,१२६,९९२.०० |
| लघुउद्यम व्यवसाय कर्जा | ५१,९८४,५५५.०० | ३,५०२,६०८.०० |
| युवा स्वारोजगार कर्जा | ७,५७०,७६५.०० | ७,६८५,८११.०० |
| **जम्मा कर्जा** | **१,०४२,७४७,३७१.००** | **८९०,६९३,३१५.००** |
| कर्जा नोक्सानी व्यवस्था | ३४,३४६,१४५.९३ | २८,८५६,३२४.९२ |
| **जम्मा** | **१,००८,४०१,२२५.०७** | **८६१,८३६,९९०.०८** |

**श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**रामपुर, पाल्पा**
**२०७९ साल आषाढ ३२ गतेको**

**नगद तथा बैक मौज्दात** **अनुसुचि ९**

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **बैक मौज्दात** | १०९,२४३,४७३.२२ | १३८,००४,४१६.६३ |
| राष्ट्रिय बाणिज्य बैंक | १०,९३३.०० | १०,९३३.०० |
| राष्ट्रिय बाणिज्य बैंक | १,१०५,४८०.६८ | २,२१२,८३३.०० |
| कृषि बिकास बैक | ४,१२२,३९३.०२ | ३,६८४,६४४.५८ |
| लक्ष्मी बैंक | १०,४८५,४४४.९० | ४,४३६,१७१.३४ |
| सन राईज | २,०४८,३७३.२३ | १,९०९,१९१.५८ |
| गरिमा विकास बैंक | १३,५५६,४८४.५२ | ३८,८८६,३७४.९५ |
| एन. आई. सि. एसिया बैंक | ८१८,६४१.८८ | ९,८०१,७३५.६१ |
| मेगा बैंक नेपाल | ६,३८३,७७३.९५ | १०,८१८,०५७.५८ |
| एन. आई. बि. बैंक | १,४३३,६७०.९१ | २,६५२,६७८.३१ |
| ग्लोवल आईएमई बैंक नेपाल | ४०,२३८,८५४.७२ | ३७,४७९,५८७.३४ |
| कामना सेवा विकास बैक | ५,६६०,२३४.५२ | १,०४७,२३६.९१ |
| मुक्तिनाथ बिकास बैंक | ११,०५१,५२९.५६ | ११,९१२,४५७.४६ |
| आई.एम.ई सहकारी बैक | ३४९,०१०.०९ | ३३७,३६०.९७ |
| नेपाल बचत तथा ऋण के. स. सं लि. | ११,९३९,०२७.२४ | १२,७९०,००३.०० |
| जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड | २७,६२१.०० | २५,१५१.०० |
| प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड | १२,०००.०० | - |
| **आबधिक मौज्दात** | १४३,५००,०००.०० | १७७,५००,०००.०० |
| गरिमा विकास बैंक | २,५००,०००.०० | ८,५००,०००.०० |
| मेगा बैंक नेपाल | - | ८,०००,०००.०० |
| ग्लोवल आईएमई बैंक नेपाल | ४६,०००,०००.०० | २०,०००,०००.०० |
| मुक्तिनाथ बिकास बैंक | ३५,०००,०००.०० | ६५,०००,०००.०० |
| कामना सेवा विकास बैक | ५,०००,०००.०० | ९,०००,०००.०० |
| नेपाल बचत तथा ऋण के. स. सं लि. | ५०,०००,०००.०० | ५०,०००,०००.०० |
| लक्ष्मी बैंक | ५,०००,०००.०० | ७,०००,०००.०० |
| कृषि बिकास बैक | - | १०,०००,०००.०० |
| **नगद मौज्दात** | ६,५७६,७९१.२० | ८,००८,१७५.३१ |
| नगद मौज्दात (व्यवस्थापनबाट प्रमाणित) | ६,५७६,७९१.२० | ८,००८,१७५.३१ |
| **जम्मा** | २५९,३२०,२६४.४२ | ३२३,५१२,५९१.९४ |

## श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### रामपुर, पाल्पा

२०७९ साल आषाढ ३२ गतेको

**अग्रिम भुक्तानी रकम , धरौटी, पेश्की** — अनुसुचि १०

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **अग्रिम भुक्तानी** | | |
| अग्रिम कर | १,३७९,१२२.५१ | १,५५१,७१२.५० |
| रेमिट टि.डि.एस. | १३०,७१७.३१ | १२७,४७९.४३ |
| बैक टि.डी.एस. | २,४६०,१२८.९९ | १,८०५,०७१.९६ |
| **अन्य सम्पति** | | |
| अग्रिम विमा शुल्क भुत्तानी | १३७,६५८.५८ | १९,८३९.४० |
| प्रभु रेमिट | १,२१८,७९१.६९ | ६६५,०२८.०४ |
| सिटी एक्सप्रेस | ८६,०९५.८४ | ५६,३९६.०० |
| आई.एम्.ई. रेमिट | ४६०,९७२.०० | २२१,२३२.०० |
| ई-सेवा | ७,२८२.३७ | ११,४०७.१५ |
| हिमाल रेमिट | ११२,३४२.०० | ६१,९४५.०० |
| आ.एम.ई. पे | ३२,७०८.५३ | ४६,६६१.२५ |
| वस्टन युनियन रेमिट | २१,०१२.०० | - |
| मसलन्द सामाग्री | ५०४,३४३.३० | ३८५,८६५.३० |
| अन्य | ५०६,७२७.६७ | ७७,९३४.८६ |
| अग्रिम भुक्तानी | १०,८६८.०६ | ९,९२२.०० |
| मोवाईल टप अफ | १५,६१५.०० | १,२६७.३६ |
| आर.एम.डि.सि. नोमिनी खाता | - | २१३.३८ |
| आई पे | ५,४६९.८१ | - |
| मोवाईल टप अफ | २,५४१.८७ | - |
| मालपोत कार्यालय | २००,०००.०० | - |
| **जम्मा** | **७,२९२,३९७.५४** | **५,०४१,९७५.६३** |

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

रामपुर, पाल्पा

२०७९ साल आषाढ ३२ गतेको

**व्याज आम्दानी** अनुसुचि ११

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| कर्जा तथा सापटिबाट व्याज आम्दानी | १२८,७९१,७३३.०० | ११०,४३७,५५२.०० |
| बित्तिय संस्थाबाट व्याज प्राप्त | १६,५५१,७३७.८५ | १२,०४५,०११.६९ |
| **जम्मा** | **१४५,३४३,४७०.८५** | **१२२,४८२,५६३.६९** |

**अन्य आम्दानी** अनुसुचि १२

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| नेफ्स्कुन शेयर लाभांस | ९०,६६०.०० | ६०,९३६.०० |
| तलव तथा भत्ता कट्टीबाट आम्दानी | - | १,७००.०० |
| हर्जना | ३,२७२,०८३.०० | २,०३७,८२०.०० |
| बिलम्व शुल्क | ६,५५५.०० | १,९९५.०० |
| खाताबन्दी | ८,००३.०० | १३,०६८.०० |
| पासबुक दस्तुर | ३९,७०५.०० | २९,०३०.०० |
| फाईल दस्तुर | ३०२,६७५.०० | २३५,५००.०० |
| धितोमुल्याङ्कन शुल्क | १५८,५९०.०० | १४२,१५०.०० |
| दर्ता शुल्क | - | २७५.०० |
| व्यवस्थापन शुल्क | ७,६९४,८०३.०० | ४,७२१,१३५.०० |
| सेवा शुल्क | ७२,०००.०० | १८५,५००.०० |
| फोटोकपी | १,९४५.०० | २,०५०.०० |
| विविध अम्दानी | १३,३२२.९४ | ११४,४७७.१० |
| नेफ्स्कुनबाट आम्दानी | - | २४,२४८.७८ |
| रेमिट संचालन आम्दानी | १,००२,५५४.९७ | ८८२,३६९.६३ |
| एस.एम.एस शुल्क | २१,३००.०० | २४,८००.०० |
| अन्य शुल्क(कमिन्टमेन्ट शुल्क) | २९७,५१३.०० | १८१,२६२.०० |
| मोवाईल बैकिङ शुल्क | ५००.०० | ६००.०० |
| स्थिर सम्पतिको विक्रि नाफा | ११,६९४.७५ | २०,७६८.६६ |
| **जम्मा** | **१२,९९३,९०४.६६** | **८,६७९,६८५.१७** |

N.B.S.M. & Associates Chartered Accountants Kathmandu Nepal

## श्री अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्था लिमिटेड

रामपुर, पाल्पा

२०७९ साल आषाढ ३२ गतेको

**व्याज खर्च** — अनुसुचि १३

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| ब्याज खर्च (रेमिटान्स बचत) | २४२,७८०.०० | २७९,३०७.०० |
| ब्याज खर्च (समुह बचत) | १,२१०,०१६.०० | ९८१,८०५.०० |
| ब्याज खर्च (शिक्षा, विवाह, पेन्सन,ब.) | ८,७२०,०८६.०० | ८,०३५,४३४.०० |
| ब्याज खर्च (व्यक्तिगत बचत) | ३,६००,८५५.०० | ४,०३७,५७१.०० |
| ब्याज खर्च (उपकार बचत) | ३४,९१८.०० | २६,४०१.०० |
| ब्याज खर्च (पर्व बचत) | ४९५,१७०.०० | ४३३,७४३.०० |
| ब्याज खर्च (नियमित बचत) | १०,००९,२५९.०० | ८,०४२,००५.०० |
| ब्याज खर्च (कारोबार बचत) | ६६५,३४६.०० | ५२५,४६९.०० |
| ब्याज खर्च (दैनिक बचत) | ९२८,६०६.०० | ६९३,६७८.०० |
| ब्याज खर्च (बाल बचत) | १,३०५,६३७.०० | १,८०७,३०६.०० |
| ब्याज खर्च (संचयकोष बचत) | १,००३,०५७.०० | ७०९,७१२.०० |
| ब्याज खर्च (खुत्रुके बचत) | २,३१९.०० | २,८८०.०० |
| ब्याज खर्च (ऐच्छिक बचत) | १०,२१९,६४३.०० | ९,८८५,३६०.०० |
| ब्याज खर्च (मुद्धती बचत) | ३१,२८७,८७९.९१ | २३,७८०,५७३.२८ |
| ब्याज खर्च (पेन्सन कोष) | ६७४,९४९.०० | ६३९,२१९.०० |
| ब्याज खर्च (नोमिनी पेन्सन बचत कोष) | ४,३३६,४५८.०० | ३,३६४,९८०.०० |
| ब्याज खर्च (स्पेशल बचत) | ५२८,७८०.०० | ९२४,३०८.०० |
| ब्याज खर्च (मुद्धती नोमिनी बचत) | ९६७,४७२.०० | १,४२९,१५१.०० |
| ब्याज खर्च (आवधिक बचत) | - | ३६३,६८०.९६ |
| ब्याज खर्च (आवधिक नोमिनी बचत) | २४,९२८.०० | १५९,८३२.०० |
| ब्याज खर्च (संस्थागत बचत) | ३५८,८०६.०० | २९७,९१८.०० |
| ब्याज खर्च (नियमित बचत एम. एफ.) | २,३९८.०० | ११०.०० |
| ब्याज खर्च (नारी बचत) | २०७,१०९.०० | ८७,६६५.०० |
| ब्याज खर्च (शेयर लाभांस बचत) | ४७५,८२३.०० | - |
| **जम्मा** | **७७,३०२,२९४.९१** | **६६,५०८,१०८.२४** |

**ऋणमा व्याज खर्च** — अनुसुचि १४

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| ऋणमा व्याज खर्च | - | १२५,४९७.८९ |
| **जम्मा** | **-** | **१२५,४९७.८९** |

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

रामपुर, पाल्पा

२०७९ साल आषाढ ३२ गतेको

**कर्मचारी तथा प्रशासनिक खर्च** **अनुसुचि १५**

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| तलब तथा भत्ता | १७,९११,३०२.०० | १३,०४५,४२०.०० |
| संचयकोष खर्च | १,२८९,३४३.०० | ८८६,२२२.०० |
| विदा वापतको खर्च व्यवस्था | ८२६,३९५.०० | ३५१,९०३.०० |
| कर्मचारी उपदान खर्च | १,०७६,५६६.८७ | ७७०,४८१.७७ |
| दैनिक भ्रमण खर्च | १३०,३५८.०० | ७२,८५५.०० |
| तालिम तथा गोष्ठी खर्च | १२८,४८२.०० | ८,८३०.०० |
| घर भाडा | ७७५,७०५.०० | ५६३,३७२.०० |
| लेखा परिक्षण शुल्क | २२६,०००.०० | ११३,०००.०० |
| कार्यालय मसलन्द तथा छपाई खर्च | ६९०,१५२.०० | ५१३,३०३.३९ |
| महशुल भुक्तानी (इन्टरनेट, विद्युत,पानी तथा टेलिफोन) | ४०५,३५१.७४ | ३८२,१८३.०० |
| साधारण सभा | ५११,८९३.०० | ३०,४५७.८८ |
| मर्मत सम्भार खर्च | १४९,७८९.८० | १०७,६६०.०० |
| बैंक चार्ज तथा कमिशन | ११,४०७.३५ | ६,५१२.४६ |
| नबिकरण तथा सदस्यता शुल्क | ७०,१५५.०० | ४५,५८५.०० |
| विमा शुल्क | १३७,५८८.४२ | १७३,३२५.६६ |
| अथिति सत्कार | ७४,४११.०० | ६२,१६३.४० |
| विविध तथा भैपरी खर्च | २९,९४०.०७ | ३७,९९०.८६ |
| यातायात तथा इन्धन खर्च | ९५,०८०.०० | ६०,२४९.०० |
| सफ्टवयर शुल्क | ४८१,९४५.०० | ४०३,४१०.०० |
| शुभकामना खर्च | १८,०००.०० | १७,६७६.४७ |
| धितो मुल्याङ्कन खर्च | ३४,१९०.०० | ३३,३००.०० |
| बैठक भत्ता | ४४९,८००.०० | ३६६,२००.०० |
| प्रोवेसन शुल्क | ९०,०००.०० | - |
| खाना, वास तथा यातायात खर्च | १०८,८३५.०० | १००,०९८.०० |
| जिवन तथा आवास सुरक्षा योजना | ४७१,३६७.३२ | ४०७,३६१.८३ |
| एस.एम.एस शुल्क | ३०,७१०.०० | ३०,५१०.०० |
| कोलोजिङ्ग खर्च | - | ४९,२२५.०० |
| ढुवानी खर्च | १०,५१६.०० | ९,१५०.०० |
| केन्द्र निरिक्षण खर्च | - | १३,०००.०० |
| कार्यालय सरसफाई खर्च | ११,९४०.०० | १६,६१०.०० |
| कोभिड मेडिसिन खर्च | १५,८९०.०० | ३०,८०५.०० |
| लेखा परिक्षण खर्च | १५,४६०.०० | - |
| स्थानिय कर | ५,२२८.०० | २,५००.०० |
| कार्यालय उपकरण खर्च | ४७,५४५.१३ | २४,२७४.०० |
| वेभसाईट खर्च | १४,६९०.०० | २८,२५०.०० |
| संस्था स्थापना दिवस खर्च | ११९,८८०.०० | ३३,६५५.०० |
| बैठक खर्च | ६५,८०१.०० | ४६,२१०.०० |
| प्रतिवेदन छपाई खर्च | १४८,७२०.०० | - |
| छाता झोला खर्च | ५३,३८५.०० | - |
| फुलवारी खर्च | ४,८००.०० | - |
| मालपोत शुल्क | १०,०००.०० | - |
| इन्टनसिप खर्च | १७,४१६.०० | - |
| **जम्मा** | **२६,७६६,०३८.७०** | **१८,८४३,७४९.७२** |

**श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**रामपुर, पाल्पा**
**स्थिर सम्पत्तिको विवरण**
**२०७९ साल आषाढ मसान्त सम्मको**

अनुसूचि ६

| विवरण | वर्ग | ह्रास कट्टी दर | सुरुको मौजात रु. | यस वर्षको थप | | | जम्मा थप रु. | बिक्रि र समायोजन (पंजीकृत गरिएको) | ह्रास आधार रु. | यस वर्षको ह्रास कट्टी रु. | यस वर्षको ह्रास कट्टी रु.थप | यस वर्षको ह्रास कट्टी रु. | बाकि मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पौष मसान्तसम्म रु. | माघ देखि चैत्र मसान्त रु. | बैशाख देखि आषाढ मसान्त रु. | | | | | | | यस वर्षको रु. | गत वर्षको रु. |
| जग्गा | क | 0% | १८५,000.00 | - | - | - | - | - | १८५,000.00 | - | - | - | १८५,000.00 | १८५,000.00 |
| भवन | क | ५% | ९,४४२,६२४.६९ | - | - | - | - | - | ९,४४२,६२४.६९ | ४७२,१३१.२३ | १५७,३७७.०८ | ६२९,५०८.३१ | ८,८१३,११६.३८ | ९,४४२,६२४.६९ |
| फर्निचर तथा फिक्चर्स | ख | २५% | ९६९,३६५.५२ | - | ६२,१९४.५० | २४०,९७५.१८ | ३०३,१६९.६८ | - | १,०११,१५३.५८ | २७२,७८८.४० | ९३,४८९.८८ | ३६६,२७८.२७ | ९०६,२५६.९३ | ९६९,३६५.५२ |
| कम्प्यूटर | ख | २५% | ६४९,९५८.५० | १३२,७००.00 | - | २५,९७०.00 | १५८,६७०.00 | - | ७९१,२१५.१६ | १९७,८२८.७९ | ६६,१०२.८५ | २६३,९३१.६५ | ५४४,६९६.८५ | ६४९,९५८.५० |
| कार्यालय उपकरण | ख | २५% | ७१२,५२५.६६ | ६,000.00 | - | - | ६,000.00 | - | ७१८,५२५.६६ | १७९,६३१.४१ | ५९,८७७.१४ | २३९,५०८.५५ | ४७९,०१७.११ | ७१२,५२५.६६ |
| सवारी साधन | ग | २०% | २०९,४६९.११ | - | - | - | - | - | २०९,४६९.११ | ४१,८९३.९८ | १३,९६४.६६ | ५५,८५८.६४ | १५३,६११.२७ | २०९,४६९.११ |
| अन्य उपकरण | घ | १५% | ३४४,२७०.६९ | - | - | - | - | - | ३४४,२७०.६९ | ५१,६४०.६० | १७,२१३.१० | ६८,९७३.७१ | २७५,२९६.९९ | ३४४,२७०.६९ |
| सफ्टवेयर | ङ | ५% | २७६,४४५.३८ | - | - | - | - | - | २७६,४४५.३८ | १३,८२२.२७ | ४,६०७.४२ | १८,४२९.६९ | २५८,०१५.६९ | २७६,४४५.३८ |
| निर्माणाधिन लिजहोल्ड | ङ | 0% | - | - | - | २१३,९८०.00 | २१३,९८०.00 | - | ७१,३२६.६७ | - | - | - | २१३,९८०.00 | - |
| **जम्मा** | | | १२,७८९,६६०.३४ | १३८,७००.00 | ६२,१९४.५० | ४८०,९२५.१८ | ६८१,८१९.६८ | - | १३,१३०,१३१.७४ | १,२२९,७३६.६९ | ४१२,७५२.१३ | १,६४२,४८८.८२ | ११,८२८,९११.२० | १२,७८९,६६०.३४ |

अनूसुचि – १६

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## रामपुर, पाल्पा

## आ.व.२०७८/०७९

**प्रमुख लेखा नीति तथा टिप्पणीहरु:**

**क) लेखा नीतिहरु :**

**१. संस्थाको परिचय :**

श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड, रामपुर, पाल्पा, नेपालमा स्थापित सिमित दायित्व भएको सहकारी हो । यसको रजिष्टर्ड कार्यालय रामपुर न.पा. ७, रामपुर, पाल्पामा रहेको छ । यस संस्थाले सहकारीको रुपमा मिति २०५६।९।२० मा सहकारी ऐन, २०४८ अन्तर्गत डिभिजन सहकारी कार्यालय, पाल्पामा दर्ता भएको हो ।

२. संस्थाको कारोवारको लेखांकन लेखाको सर्वमान्य सिद्धान्त अनुरुप ऐतिहासिक लागत मोल तथा आर्जन (Accrual) को आधारमा गरिएको छ ।

३. स्थिर सम्पत्तिहरुलाई ऐतिहासिक लागत अवधारणाको आधारमा लेखा न गर्ने नीति अवलम्बन गरिएको छ ।

४. स्थिर सम्पत्तिको ह्रास कट्टी घट्दो मूल्य प्रणाली (WDV) को आधारमा आयकर ऐन, २०५८ ले तोकेको दर अनुसार गरिएको छ, जुन यस प्रकार रहेको छ :

| सम्पत्तिको प्रकृति | ह्रास कट्टी दर |
|---|---|
| जग्गा | ०% |
| भवन | ५% |
| फर्निचर तथा फिक्चर्स | २५% |
| कम्पयूटर | २५% |
| कार्यालय उपकरण | २५% |
| सवारी साधन | २०% |
| अन्य उपकरण | १५% |
| सफटवेयर | ५ वर्ष |
| लिजहोल्ड निर्माणधिन | ०% |

५. संस्थाले प्रचलित आयकर ऐन तथा नियमावली बमोजिम कर योग्य आयको गणना गरी सोही बमोजिम आयकर व्यवस्था गर्ने नीति लिएको छ र अन्तिम कर निर्धारण हुदा सो व्यवस्था रकम भिन्न भएमा सोहि अनुरुप सम्बन्धित वर्षमा आवश्यक समायोजन गरिने छ ।

**६. व्याज आम्दानी:**

कर्जा सापटीमा प्राप्त हुने व्याज सहकारी विभागको निर्देशिका अनुसार नगद प्राप्तिको आधारमा लेखांकन गरिएको छ । सोही निर्देशिकाकै आधारमा आषाढ मसान्तसम्म पाकेको र सोही अवधिभित्र संकलन भएको व्याजलाई सोही वर्षकै व्याज आम्दानीको रुपमा जनाइएको छ ।

**७. व्याज खर्च:**

निक्षेप दायित्वमा पाकेको व्याज खर्च वा अघिल्लो अबधिमा पाकेको तर यो वर्ष भुक्तानी भएको वा हुन बााकि भनि लेखांकन गरेको रकमलाई निक्षेपमा व्याज खर्च भन्ने शिर्षकमै लेखांकन गरिएको छ । निक्षेपमा दिइने व्याज ३६५ दिनलाई १ वर्षको आधार मानी गणना गरिएको छ ।

अनूसुचि – १६

# श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## रामपुर, पाल्पा

## आ.व.२०७८/०७९

**८. स्थगन कर सम्पत्ति /दायित्व**

नेपाल लेखामान अनुसार यस आर्थिक बर्षको वित्तिय विवरण अनुसार वित्तिय विवरण तथा आयकर ऐन बमोजिम फरक अस्थायी फरक रकमलाई पहिचान गरी स्थगन कर सम्पत्ति लेखांकन गरिएको छ।

**ख) लेखा सम्बन्धी टिप्पणीहरु:**

**१. ब्याज आम्दानी:**

आषाढ मसान्तसम्म पाकेको र सोही अवधिभित्र संकलन भएको ब्याजलाई सोही वर्षकै ब्याज आम्दानीको रुपमा जनाइएको छ। सोही अनुरुप ब्याज आम्दानी हिसाब तर्फ गत बर्ष रु. १२,२४,८२,५६३.६९ रहेकोमा यस बर्ष उक्त रकम रु. १४५३४३४७०.८५ हुन गएको छ।

